# प्रदेश सभा

**गण्डकी प्रदेश**

**चौथो अधिवेशन**

**(नवौं बैठक)**

**बैठकको काम कार्यवाहीको सम्पूर्ण विवरण**

**मिति २०७६।०२।२६ गते, दिनको ४ः०० बजे**

प्रदेश सभा, गण्डकी प्रदेशको चौथो अधिवेशनको आजको बैठकको कारवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा दिनको ४ बजेर ६ मिनेटमा प्रारम्भ भयो ।

**माननीय सभामुखज्यू**

माननीय सदस्यहरु आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

**सर्व**प्रथम माननीय मुख्यमन्त्री श्री पृथ्वीसुव्वा गुरुङलाई महालेखा परिक्षकको वार्षिक प्रतिवेदन २०७५/७६ को गण्डकी प्रदेश प्रदेश सभा नियमावली २०७४को नियम २०१ को उपनियम १ बमोजिम सभा समक्ष प्रस्तुत गर्ने अनुमति प्रदान गर्दछु ।

**माननीय मुख्य मन्त्री पृथ्वी सुव्वा गुरुङ्ग**

माननीय सदस्यहरु अव म माननीय मुख्यमन्त्री श्री पृथ्वी सुव्वा गुरुङ्गले प्रस्तुत गर्नु भएको महालेखा परिक्षकको वार्षिक प्रतिवेदन २०७५ गण्डकी प्रदेश प्रदेश सभा नियमावली नियम २०१ को उपनियम (२) बमोजिम सार्वजिनक लेखा समितिमा पठाइयोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस ।

हुन्न भन्ने आवाज सुनियन तसर्थ उक्त प्रस्ताव सर्वसम्मत् रुपमा पारित भएको घोषणा गर्दछु ।

## माननीय सभामुख

माननीय सदस्यहरु अव म माननीय मुख्यमन्त्री श्री पृथ्वी सुव्वा गुरुङ्गलाई मिति २०७६साल जेठ २४ गते सभा समक्ष प्रस्तुत प्रदेश सभा सरकारको आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम माथि विचार गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुरोध गर्दछु ।

## माननीय मुख्यमन्त्री पृथ्वी सुव्वा गुरुङ्ग

माननीय सभामुख महोदय सम्मानित सभा समक्ष मिति २०७६ साल जेठ २४ गते प्रस्तुत भएको प्रदेश सरकारको आर्थिक वर्ष २०७६र७७ नीति तथा कार्यक्रम माथि गण्डकी प्रदेश प्रदेश सभा नियमावली २०७४ को नियम ३८ को उपनियम १ बमोजिम विचार गरियोस् भनी सम्मानित सभा समक्ष प्रस्ताव प्रस्तुत गर्दछु ।
धन्यवाद ।

## माननीय सभामुख

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनियन तसर्थ उक्त प्रस्ताव सर्वसम्मत् रुपमा पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु अव मिति २०७६ साल जेठ २४ गते माननीय प्रदेश प्रमुख श्री बाबुराम कुंवरले सभा समक्ष प्रस्तुत गर्नुभएको प्रदेश सरकारको आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम माथि छलफल प्रारम्भ हुन्छ । उक्त छलफलमा बोल्न चाहनु हुने प्रत्येक माननीय सदस्यहरुलाई १० मिनटको समय निर्धारण गरेको छु ।
अव म सर्वप्रथम माननीय सदस्य श्री आशा कोईरालालाई छलफलमा भाग लिन समय दिन्छु ।

### माननीय आशा कोईराला

माननीय सभामुख महोदय, गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०७६र७७ को लागि प्रस्तुत गरेको प्रदेश प्रमुखज्यू मार्फत प्रस्तुत गरेको वार्षिक नीति तथा कार्यक्रममा छलफल गर्न गइरहेका छौं । यस अवसरमा क्रान्ति र परिवर्तनको लागी जीवन उत्सर्ग गर्ने सम्पूर्ण सहिदहरु प्रति हार्दिक श्रदाञ्जली, वेपत्ता योद्धाप्रति स्मरण र समाज समग्र क्रान्तिका नेतृत्व र योद्धाहरु प्रति हार्दिक सम्मान गर्न चाहन्छु । प्रस्तुत नीति तथा कार्यक्रमको म पूर्ण समर्थन गर्दै यस नीति तथा कार्यक्रमले गत वर्षका

दिर्घकालिन महत्वका कार्यक्रमहरु अवलम्वन गर्दा राजनीतिक स्थिरता नै राष्ट्रिय विकासको महत्वपूर्ण पक्ष हो भन्ने कुरा व्यवहारिक रुपमा पुष्टि भएको म जाहेर गर्न चाहन्छु ।संघियता स्थापित गर्दै जनताको संवैधानिक एवं मौलिक हकका कार्यान्वयनको साथ शुसासनमा यसले जोड दिएको छ । अत्यन्त सुन्दर फ्लोजन सहित प्रस्तुत भएको नीति तथा कार्यक्रमले हिमाल,पहाड,तराईका समग्र विशेषता अनुरुप भौगोलिक सन्तुलन कायम गर्दै सवै क्षेत्र र समुदायलाई लक्षित गरि समाबेशितालाई सम्बोधन गर्दै निर्वाचन क्षेत्रदेखि वडास्तरसम्मको भूगोल नछुटने गरि समानुपातिक विकासको अवधारणालाई जोड दिएको छ । प्रादेशिक गौरवका योजनाहरुलाई स्पष्ट रुपमा उल्लेख गरी गत वर्षनै जाहेर गरेका प्रतिवद्धता कार्यान्वयन गर्न कार्यक्रम सहित स्पष्ट अवधारणा प्रस्तुत गरेको छ । २०३ बुंदामा समेटिएको नीति तथा कार्यक्रमले स्थापना वर्षमा घोषणा गरेका महत्वपूर्ण कार्यक्रमहरुलाई निरन्तरता दिंदै केही नयां सोचको प्रतिविम्व समेत मुखरित गरेको पाएका छौं । योजनालाई निरन्तरता दिनु त्यसलाई पूर्णतामा पुर्याउनको लागी लागी पर्नु हो । यसर्थ सरकार आफ्ना प्रतिवद्धता पुरा गर्ने दिशातर्फ केन्द्रित भएको देखिन्छ । हेर्दै जांदा नीति तथा कार्यक्रम अलिकति महत्वाकांक्षी पनि छ ।महत्वाकांक्षि हुनु स्वभाविक हो ।किनकी सांघुरो लक्ष्यले अपेक्षित परिणाम दिन सक्दैन । यसर्थ यो नीति कार्यक्रम राष्ट्रले देखेको समृद्धिको सपना साकार पार्ने सामर्थ्य र संकल्प बोकेर आएको छ भने संगसंगै नीति कार्यक्रम अनुसारको वजेट विनियोजन र यसलाई प्रभाकारी कार्यान्वयन गर्नेमा उत्तिकै चुनौति पनि देखिन्छ । यसर्थ म सरकारलाई उक्त चुनौतिको सामना गर्दै कार्यान्वयनमा सफलता मिलोस हार्दिक शुभकामना दिन चाहन्छु । समग्र विषयवस्तुहरु समेटिएको यो नीति तथा कार्यक्रममा प्रभावकारिता तथा हरेक समस्याको समाधान समस्या र गुनासाहरु नरहने गरी परिणाममुखी उपलव्धी हासिल गर्न केहि विषयवस्तुहरु सुझावको रुपमा राख्न चाहन्छु । संविधान सभा मार्फत सम्पूर्ण राजनीतिक उपलव्धी संस्थागत भएको नेपालको संविधान निर्माण गर्ने मुख्य आधार जनयुद्ध शव्द कहिं कतै उल्लेख नहुदा अन्तस्करणमा गहिरो गरी दुखिरहेको अनुभुती भैरहेको छ । यसर्थ शसस्त्र संघर्षको ठाउंमा जनयुद्ध शव्द लेख्न म विशेष अनुरोध गर्न चाहन्छु । यसैभित्र उल्लेखित आजका राजनैतिक उपलव्धिको रक्षा विकास र सुदृढ गर्दै लैजाने योजना सार्थक पार्न राजनीतिक संघर्षहरु विशेष गरी जनयुद्ध र जनआन्दोलनका सहिदहरुको सम्मान, वेपत्ताको खोजी, घाइते अपाङ्गको उपचार र व्यवस्थापन संघर्षका पिडित र प्रभावितहरुका लागी हरेक विषयगत मन्त्रालयले ठोस र स्पष्ट योजनाका साथ वजेट विनियोजन गर्न र साथै सहिद, वेपत्ता, घाइते,अपाङ्गको प्रादेशिक तथ्यांक अद्यावधिक गर्न गर्ने गरी कार्यक्रम समावेश गर्न विशेष आग्रह गर्दछु । सहिद, वेपत्ता र घाइते अपाङ्गका परिवारलाई रोजगार व्यवसायमा विशेष कोटाको व्यवस्था गर्ने नीति र कार्यक्रम समावेश गर्नको लागी पनि म हार्दिक अनुरोध गर्न चाहन्छु ।पर्यटनलाई पहिलो प्राथमिकता राखेको सरकारले पर्यटन सम्वन्धी समग्र विषयवस्तुको अध्ययनको लागी छुट्टै एउटा आङ्गिक कलेज स्थापना गर्न आवश्यक ठानेको छ। अन्तयमा फेरि पनि यो प्रस्तुत नीति तथा कार्यक्रमको पूर्ण समर्थन गर्दै यसको प्रभावकारी कार्यान्वयन प्रदेश सरकारलाई उच्च सफलता मिलोस हार्दिक शुभकामना व्यक्त गर्दै विदा हुन्छु । धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्य श्री मेखलाल श्रेष्ठलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय श्री मेखलाल श्रेष्ठः**

माननीय सभामुख महोदय, आज हामी यो २०७६/७७ को नीति तथा कार्यक्रमको विषयमा छलफल गर्न आइराखेका छौं । केही दिन अगाडी मात्र हामीले सरकारले ल्याएको प्राथमिकता र आवश्यकताको विषयमा छलफल गर्दैगर्दा मैले यही रोष्टमबाट भनेको थिएं हामी विकास विरोधी होइनौं हामी खाली नियतको विरोधी मात्रै हौं । नियत साफ भयो भने सवै कुरा साफ हुन्छ भन्ने कुरा जुन कुरा गरिएको थियो त्यो कुरा मलाई आशा थियो यो नीति तथा कार्यक्रममा आउंछ भन्ने तर हामीलाई त अझै एउटा शंका अझै वढन के थाल्यो भने यहां वाहिर वाहिर नेतृत्व वर्गवाटै एउटा कुरा के आउन थाल्यो

भने हामी कसैसंग खोल्तिमा हाल्नको लागी कसैको घर बनाउनको लागी सरकारसंग वजेट मागिराखेका छैनौं हामी पनि यो प्रदेशका जनप्रतिनिधि हौं र जनप्रतिनिधिहरुले समानुपातिक विकास गर्नको लागी गाउंलाइ अगाडी बढाउनको लागी प्रदेशलाई सम्पन्न बनाउनको लागी हामीले सवै ठाउंमा सवै जनतालाई उपयुक्त हुनेगरि विकास वजेट विनियोजन गर्न पर्छ भन्ने माग मात्रै गरेका थियौं तर नेतृत्व वर्गबाट हामीलाई औंस माग्ने जस्ता कुराहरु आउनु पक्कै पनि सोभनिय होइन भन्ने लाग्छ । हामीले औंस मागेका होइनौं यो देशको ढुकुटी सवै नेपाली जनताको यो जनप्रतिनिधिको मात्रै होइन साधारण एक भोट दिने जनताको पनि त्यतिकै अधिकार हुन्छ र तेले त्यो अधिकार प्रयोग गर्न पाउंछ भन्ने मलाई लाग्दछ सभामुख महोदय । त्यसमा प्रदेश सरकारको ध्यान जाओस भन्ने म सभामुख महोदय मार्फत माग गर्न चाहन्छु । यो गण्डकी प्रदेश सरकारले क्षेत्रीय सन्तुलन गरिव निवारणका कुराहरु अगाडी सारेको छ तर गण्डकी प्रदेशमा गरिवी निवारण गर्नको लागी के कस्ता कार्यक्रमहरु आए ? त्यो अहिलेसम्मन प्रत्यक्ष रुपमा जनताले भोग्न पाएका छैनन । हामीले भनेका थियौं शिक्षा अनिवार्य हो । स्वास्थ, खानेपानी नेपाली जनताको एउटा नैसर्गिक अधिकार हो । यसलाई हामीले चाहिने द्रुत गतिमा अगाडी बढाएर प्रदेशका जनताहरुलाई यसबाट खुसी बनाउनको लागी हामी अग्रसर हुने छौं । सरकारको एउटा थियोनि मैले त्यसलाई चेन्ज गर्न पर्छ भन्ने मलाई लागेको छ । समृद्ध प्रदेश सुखी जनता सुखी नागरिक हामी सुखी नागरिक अहिल्यै बनायौं भने यो प्रदेशलाई हामीले समुन्नत गर्न सक्दैनौं समृद्ध बनाउन सक्दैनौं । यसको नारा फेरौं यो ३२ औं धारामा छ । समृद्ध प्रदेश मेहनती नागरिक मेहनत गर्यो भने प्रदेश पक्कै पनि समुन्नत बन्ने छ । सुखी अहिल्यै बनाउन थालियो भने सुखी नेपालीले सुखी प्रदेशवासिले घरमा बसेर यो प्रदेशको उन्नती गर्न सक्दैन । मेहनत गरौ सवैलाई काम गर्ने वातावरण बनाऔं । विकास निर्माण गर्दा सवैलाई अपनत्व हुने खालका योजनाहरु ल्याऔं ।हामीले कसैले पनि घरको विकास गर्ने होइन प्रदेशको विकास गर्ने हो । प्रदेशको विकास गर्दा सवैलाई महत्वपूर्ण भूमिका दिइयो र उसको अपनत्व आउने खालको कुराहरु अगाडी बढाइयो भने पक्कै पनि यो प्रदेशको चाहना,नेपाली जनताको चाहना र हाम्रो चाहना सवैको पुग्छ । हाम्रो भनौं मेरो नभनौं सवैको भनौं यही उदघोषको साथ हामी प्रदेशलाई अगाडी बढाउन सकियो भने पक्कै पनि हाम्रो प्रदेश चांडो भन्दा चांडो अगाडि बढनेछ भन्ने मलाई लाग्दछ । हामी यो एकिकृत वस्ती विकास होस या नागरिकता विषयमा यो प्रदेशमा कोही बोलेको छैन । अहिले संघको सरकारले जुन एउटा नागरिकता विधेयक अगाडी सारिसहेको छ यसले हामीलाई पनि पक्कै पनि असर गर्छ भन्ने लाग्दछ होइन यो प्रदेशको विपयत होइन तर हामीलाई पनि असर गर्ने भएको हुनाले म सभामुख महोदय मार्फत नागरिकता विधेयकको विषयमा प्रदेशले पनि केहि बोल्नु पर्दछ भन्ने लाग्दछ । सभामुख महोदय यहि सिलसिलामा यो जुन अहिले नीति तथा कार्यक्रम आएको छ २०३ बुंदामा हो सरकारले धेरै मिहिनेत गरेर ल्याएको छ । प्रतिपक्षले पनि यसलाई नजर अन्दाज गरेको छैन । हामीले केही कुराहरु सुझावको रुपमा राखेका छौं केहि कुराहरुलाई हामीले संशोधन हालेका छौं । यसलाई संशोधन गर्दैमा सरकार अप्ठेरो पर्ने होइन सरकारको त झन यो नीति तथा कार्यक्रम सुनमा सुगन्ध हुन्छ भन्ने मलाई लाग्दछ । यी हामीले संशोधन राखेका केही कुराहरु म राख्न चाहन्छु । जस्तै हामीले बुंदा ५२ मा कृषकको बिषयमा यो सरकार बोलेको छ । हो हाम्रो प्रदेश हाम्रो देश कृषि प्रधान हो ।कृषकलाई हामीले अगाडी बढाउनु पर्दछ । कृषकलाई अगाडी नवढाइकन यो प्रदेशलाई अगाडी बढाउन सकिंदैन तर पारदर्शिताको कुरा गर्दै गर्दा यो कृषकलाई नगद अनुदान दिनु हुंदैन । कृषकलाई के आवश्यकता हो रु भैसी पालनको हो भने भैसी दिनु पर्दछ । कुखुरा पालन हो भने कुखुरा दिनु पर्दछ । टनेल बनाएर कृषि उत्पादन गर्ने हो भने टनेल दिनु पर्दछ । वीउविजन दिने हो भने वीउविजन दिनु पर्दछ । नगद रुपिया दिनु हुंदैन यसले दुरुपयोग हुन्छ भन्ने भएको हुनाले यो वाक्यांश थप्नु पर्दछ भन्ने लाग्दछ । ५६ मा हामीले भन्यौं यो नेपाल यो प्रदेश कृषि प्रधान देश हो । निमुखाहरुलाई हामीले सम्वोधन गर्दछौं । निमुखाहरुलाई अगाडी बढाउंछौं । किसानहरुलाई अगाडी बढाउंछौं । तर यसमा यस बुंदामा प्रदेश सरकारले गर्न खोज्यो तर लरवरायो । हामीले भनेका छौं किसानालाई दिने हो भने किन लाज मान्ने रु व्याजमा २ परसेन्टको दरले सिलिङ तोकिदिउंन । यसमा कसैले चलखेल गर्नै सक्दैन । किसानलाई सहुलियत दिने हो भने व्याजमा दुइ पर्सेन्ट दिउ भनेका छौं यसलाई हामीले संशोधन गर्न माग गरेका छौं । हामीलले ६३ के धारामा भनेका छौं हो हरियाली गराउनु पर्दछ

पार्कहरु बनाउनु पर्दछ तर सरकारी जग्गामा मात्रै हैन सार्वजनिक स्थलहरुमा सार्वजनिक ठाउंहरुमा पार्कहरु बनाउनु पर्दछ । बृक्षारोपणहरु गर्नु पर्दछ भन्ने कुरा थप गर्नका लागी माग गरेका छौं । यो किसानहरुलाई जहिले पनि सहुलियत दिन्छु भन्ने घुमाएर पछिल्तिरबाट नाक समात्ने त्यसै भएको हुनाले किसानहरुले लगाएका वालीनालि होस,वस्तुभाउ होस अथवा फलफूल होस या अन्य तरकारी जन्य किन नहोस त्यसमा प्रकृतिले ठग्दै गर्दा, असिना आउंदा, हावाहुरीले त्यसलाई नोक्सान गराउदा खेरी त्यसको लागि संरक्षण गर्नु पर्दछ भन्ने शव्द थपियोस भन्ने हामी चाहन्छौं र किसानलाई सिंचाइमा शुल्कको कुरा आइएको छ । किसानलाई अगाडी बढाउने सिंचाइ नगरिकन हाम्रो खेतिपातीहरु उन्नत खालका वीउविजनहरु प्रयोग गरेर लगाएका वीउहरु त्यतिकै खेर जान्छन । ती सिंचाइमा लगाउने कर हटाउनु पर्दछ भन्ने हाम्रो यसमा माग छ । यो ६९ बुंदामा लेखिएको छ र हामी यो प्रदेशमा विभिन्न जातिहरु छौं । विभिन्न व्यवसायमा लाग्ने विभिन्न समुदायहरु छन त्यसलाई संरक्षण गर्ने भनिएको छ ।तर चेपाङ, मुसहर, बराङ जस्ता अरु धैरै विभिन्न जिल्लामा कमजोर आर्थिकस्थिति भएका जसको जग्गा छैन,जसको घर छैन यिनीहरुलाई पनि समुदाय तोकेर संरक्षण गर्नुपर्छ भन्ने लेख्नु पर्दछ भन्ने छ त्यो ८२ बुदामा समेटिएको छ र १३५ बुंदामा जुन कुरा लेखिएको छ हामीहरु यो देशमा प्रजातन्त्र ल्याउनको लागी, गणतन्त्र ल्याउनको लागी र अहिले संघियता ल्याउनको लागी धैरै व्यक्तिहरुले साहदात प्राप्त गर्नु भयो।चाहे त्यो आन्दोलनमा होस या त्यो शसस्त्र द्धन्दमा होस या ६२र६३ सालको आन्दोलनमा होस सवैले सवै प्रकारका द्धन्द पिडितहरुले बराबर रुपमा त्यसको अधिकारलाई सदुपयोग गर्न पाउनु पर्छ भन्ने शव्द यसमा थपियोस भन् माग गर्न चाहन्छौं र अर्को कुरा हामीले जुन समुदायका विद्यार्थिहरु स्कूल जांदैनन जुन समुदायका विद्यार्थिहरु ठुलाठुला डक्टर, ईन्जिनियर, पाइलट, बैज्ञानिक हुंदैनन तिनीहरुको लागी सहुलियत गर्ने तिनीहरुको लागी सहयोग गर्ने भन्ने छ । तर उनीहरुले पास गरिसके पछि भन्ने जुन सरकारको छ जवकी उसले स्कुलमै पढन सक्दैन जवकी उसले तयारी नै गर्न सक्दैन जव उसले एस एल सी नै पास गर्न सक्दैन एसइइ जव उसले टेन क्लास टेन प्लस टु नै पास गर्दैन कसरी उ डक्टर हुन्छ ? कसरी उ इन्जिनियर हुन्छ ? कसरी वैज्ञानिक हुन्छ ? त्यसै भएको हुनाले यो बुंदामा यो १३५ नं।मा भएको बुंदामा यसलाई अगाडी बढाउनको लागी शुरुवाती दिनदेखि नै त्यसलाई यो सरकारले सहयोग गरेर त्यसता खालका विद्यार्थिहरुलाई त्यसता खालका अभिभावकहरुलाई प्रेरित गर्नको लागी शुरुवातमै त्यो रकम दिनु पर्दछ त्यसलाई सहयोग गर्नु पर्दछ भन्ने खालका बुंदाहरु संशोधन गर्नको लागी हामीले माग गरेका छौं ।सभामुख महोदय, हामी यो गण्डकी प्रदेशलाई अझै अगाडी विकसित बनाउनको लागी कुनै पनि हालतमा सवै माननीयहरुले मम गरेर हामी होइन म होइन हामी मेरो होइन हाम्रो यो सवै प्रदेशलाई गराउनको लागी सवै माननीयज्यूहरुलाई बराबर रुपमा त्यतिकै भूमिका दिएर यो पैसा कसैले लाने होइन बजेट कसैले आफ्नो घरमा लाने होइन त्यहि प्रदेशका जनताहरुलाई हो । यही प्रदेशको विकास गर्नको लागी हो भन्ने भुमिका दिइयो भने

**(सभामुखज्यू - समय सिद्धियो)**

सरकारले चाहेको बजेटको मात्रा पनि खर्च हुने छ र प्रदेशवासी पनि सुखी हुनको लागी मेहेनती हुनुपर्दछ । सम्पन्न प्रदेश मेहनती नागरिक बनाउन एउटा सल्लाह व्यक्त गर्दै यी सुझावहरुलाई सुझावको रुपमा मात्रै होइन कार्यान्वयनमा पनि अगाडी बढाइयोस भन्ने माग गर्दै विदा हुन्छु। धन्यवाद, जयनेपाल ।

## माननीय सभामुख

माननीय सदस्य कृष्ण थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय कृष्ण थापा:

माननीय सभामुख महोदय, प्रदेश सरकारबाट प्रस्तुत नीति र कार्यक्रम माथि म छलफल गर्न गइरहेको छु । यो नीति र कार्यक्रममा करिवकरिव २०३ वटा बुंदामा धैरै मिठा स्लोगन राखेर यो प्रस्तुत गरिएको कार्यक्रम अव रुखको छहारी मुनी

बसेर धेरैबेर सुनिरहौं जस्तो एउटा साहित्यिक अनुभूति पनि भएको छ । यसमा केही कुराहरु अलि आश्चर्यजनक र उल्लेखनितहरु पनि भएका छन भएको छ । वन क्षेत्रमा फलफूल बृक्षारोपण बर्ष भनिएको छ । आलिदेखि थालीसम्म भनेर पनि भनिएको छ र त्यति होइन गोठगोठदेखि ओठओठसम्म दुध पनि भनिएको छ त्यसैले गर्दा यो स्लोगन मात्र नभएर यो अलि व्यवहारिक र ठोस र मुर्त होला भन्ने किसिमको एउटा अपेक्षा राखिएको छ । राखिएको छ र यो नीति कार्यक्रममा विशेष गरेर भ्रष्टाचार गर्दिन र मैले गर्न पनि दिन्न भन्ने कुराहरु गरिएको छ । यसले गर्दाखेरी यो निकै देशको महान समस्या हो र यो समस्या समाधान सम्वन्धमा यो नीति र कार्यक्रममा बोलिएको कुरालाई यो धेरै राम्रो मानिन्छ र आगामी दिनमा भ्रष्टाचार नियन्त्रण हुन्छ होला । हामी पानीको अवस्थाबाट धेरै काकाकुल परेको अवस्थामा छौं त्यो अवस्थामा एक घर एक धारो भनेको छ । सायद यो नीति र कार्यक्रमले बोलेको छ यो कुरा पनि सकारात्मकनै लागेको छ । र त्यसपछि सदरमुकाम अथवा राजधानीदेखि पालिकास्तरका सेन्टर सम्म करिवकरिव पिचबाटो गर्ने कुराहरु पनि भनेको छ त्यसैले गर्दाखेरी यी कार्यक्रम सकारात्मक छन र यी कार्यक्रमहरुलाई सकारात्मक भएका कारणले गर्दा हामीले यसलाई समर्थन गर्दछौं । अर्कोतिर समाजवाद उन्मुख कार्यक्रम हामीले हाम्रो देशमा लागु गर्नु पर्ने हाम्रो संवैधानिक व्यवस्था छ । तर यो समाजवाद उन्मुख यो नीति र कार्यक्रमले बोल्छकी वोल्दैन भन्ने कुरा अलि मसिनियरी हेर्दा मलाई लाग्छ यो वोलेको अवस्था देखिंदैन र अलि पुरानो परम्परा पहिला जस्तै वजेट ल्याउने प्रचलन यसले पनि अगाडि सारेको छ । यसमा म के कुरा गर्न चाहन्छु त भने देशमा सामन्ति व्यवस्था, सामन्तिहरुले ओगटेको भुमि जव उत्पिडित जनताहरुमा वितरण गरिंदैन र यो कायम राखेर अथवा वाख्रालाई र बाघलाई एउटै गोठमा राखेर समाजवाद देश उन्मुख हुन सक्दैन त्यसकारण यो नीति र कार्यक्रमले यो विषयमा अलि मौनता सांधेको छ त्यसकारण म यो एउटा कमजोर पाटो उल्लेखित गर्न चाहन्छु र आर्कोतिर यो नीति र कार्यक्रमले देशलाई समृद्धि बनाउने कुरात गरेको छ । तर देशलाई समृद्धि बनाउनका लागी वास्तवमा देशमा भएको सवभन्दा ठुलो महंङ्गीको दरार हाम्रो देशमा सृजना भएको छ । हामीले आज हरेक वस्तुमा मुल्य वृद्धिको समस्या देखि रहेका छौं त भने अर्कोतिर हरेक वस्तुमा मिसावटको पनि समस्या देखिन्छ । त्यसकारण यो नीति र कार्यक्रमले महंङ्गी र यो जुन समस्या हो राष्ट्रिय समस्या यसमा अलिकता मौनता सांधेको देखिन्छ ।यसकारण मैले यि कुराहरुको यो कमजोर पक्ष पनि मैले देख्दछु । आर्कोतिर शिक्षा र स्वास्थ्य सम्वन्धमा पनि करिव करिव यहां कार्यक्रम लिएको छ पोखरा केन्द्रित कार्यक्रमहरु छन । केही खुला विश्वविद्यालयहरु केही ठुला रोगहरुको अस्पतालहरु बनाउने कुराहरु तर गाउं दुरदराजमा रहेका कैयौं स्वास्थ्य केन्द्रहरु र विद्यालयहरुको विषयमा करिव करिव मौनता सांधेको छ । यसले के प्रदेश सरकार यो मौनताबाट पन्छिएर बस्न सक्छ ? मलाई लाग्छ सक्दैन ।अहिले पनि वास्तवमा स्वास्थ्य र शिक्षामा सवभन्दा भुमाफियाहरुको ठुलो समस्या छ । त्यसकारण यो माफियाहरुलाई अन्त गर्नुपर्ने प्रमुख समस्या छ त भने आज गाउंघरमा के विद्यालयहरुका भवनहरु निर्माण गर्नु पर्ने आवश्यकता छैन के त्यहां दरवन्दिहरुको समस्या छैन ? के त्यहां खेल ग्राउण्डहरुको व्यवस्थापन गर्ने समस्या छैन ? के त्यहां पठन पाठन जस्तो शैक्षिक उच्च शिक्षा पठनपाठन गर्ने शिक्षा व्यवहारिकमुलक किसिमको बनाउन आवश्यक छैन ? छ त्यसकारण त्यो विषयमा पनि यो किसिमले अलिकता मौनता सांधेको छ र सुद्ध तालिम दिने अथवा गोष्ठि गर्ने जस्ता कुराहरुले शैक्षिक र स्वास्थ्य समस्या समाधान हुन सक्दैन त्यसकारण यो मेरुदण्ड अलि बढि हुन आवश्यक छ । त्यसमा बढि केन्द्रित हुन आवश्यक छ मैले यो कुरा भन्न चाहें र कताकता यो मोडेल कृषि फार्मको बारेमा पनि एउटा समिक्षा गरिएको यो प्रतिवेदनमा देखिन्छ। र यसलाई परिवर्तन गरेर अगाडी बढाउने भन्ने कुरा यो प्रतिवेदनमा छ । यो एकदम सकारात्मक छ । विगतमा हामीले देख्यौं कि लाखौं करोडौं वजेट विनियोजित भयो तर ती निजी व्यक्तिहरुमा मात्र तेले मलाई लाग्छ व्यक्तिहरुलाई त केही राहत भएको होला तर सामाजिक सन्देश त्यो किसिमले जान सक्छ जस्तो लाग्दैन। सामुहिक किसिमले मोडेल फर्महरु सचालन हुनपर्छ । त्यो सामुहिकबाट सामुहिक जनताहरु लाभान्वित भएको हुनुपर्छ । नकि निजि कारण उसले आम्दानी गर्छ आफैले गोजिमा हाल्छ । यस्तो किसिमको सिस्टमलाई हामीले अलि तोडनु पर्छ मलाई लाग्छ यो कुरा बोलेको छ ।आगामी दिनमा यो हुंदैन पनि भनेको छ त्यसकारण मलाई लाग्छ यलाई परिमार्जन गर्नुपर्छ यो सकारात्मक छ भन्ने कुरा मलाई लाग्छ र आर्कोतिर मैले यो जति हामीले प्रदेशबाट रकम विनियोजित

गर्छौं यसको कार्यान्वयनको पाटोमा हामीले गम्भिरताका साथ मनन गर्नपर्ने आवश्यकता छ । यो नीति र कार्यक्रममा केही कुराहरु कर्मचारी नभएको , कार्यालयहरु नभएको आदि कुराहरु पनि उल्लेखितहरु छन । तर के त्यतिमात्र हो त ? त्यसकारण मैले एउटा प्रश्न के गर्न खोजिरहेको छु त भने प्रदेशबाट जुन रकमहरु विनियोजित भएका छन ती रकमहरु सहि प्रकारले कार्यान्वयन हुन सकिरहेको छैन र अहिले पनि हामीले के देखिरहेका छौं त भने केन्द्रबाट रहेका कर्मचारी र ठेकेदारहरुको मिलेमतोमा मात्र कार्य वजेटहरु कार्यान्वयन भएको अवस्था देखिन्छ। मैले ठोकेर कैयौं ठाउंका कुराहरु भन्न सक्छु आज उपभोक्ताहरु त्यसलाई पन्छाईएको छ । त्यो योजनाहरुको मुल्यांकन गर्नेमा  पनि बार्गेनिङ्ग गरिएको छ ।सम्झौता गरिएको छ ।त्यहां अनियमितता भएको छ । त्यसकारण यो विषयमा पनि प्रदेश सरकार अलि गम्भिरताका साथ आगामी दिनमा सधैं यो कमजोरी भयो कर्मचारी छैन ।व्यवस्थापन गर्न सकिएन तहपरे पैसा छैन भन्ने कुराले पन्छिन मिल्दैन भएको कुरालाई सही किसिमले लगानी गर्ने कुरामा पनि अलि बढि उल्लेखित हुन आवश्यक छ र आर्कोतिर फेरी प्रदेशमा सांसदको भूमिका हुन्छकी हुंदैन भन्ने यो प्रश्न सवभन्दा गम्भिर छ हामीले एक सय त्रिचालिसवटा कार्यविधिहरु बनाएका छौं तर त्यो एकसय त्रिचालिसले वास्तवमा प्रदेशका सांसदहरुलाई बाइकट गरेर त्यो कार्यविधि बनाइएको छ ।त्यहां न अनुगमनको पाटो,न मुल्यांकनको पाटो सांच्चै भन्ने हो भने त्यहां हामीले प्रस्ताव गर्यौं भन्ने पाटोसम्म नराखेर यो कार्यविधि बनाइएको अवस्था छ । यसले के देखाउंछ त भने प्रत्येक सांसदहरुको भूमिका असाध्यै गौण बनाइएको छ। यसकारण यो नीति र कार्यक्रमहरुले प्रदेश सांसदहरुको पनि भुमिका महत्वपूर्ण छ भन्ने कुरा उल्लेखित हुन आवश्यक छ । यही कुरा राख्दै म विदा हुन्छु धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्य श्री कृष्ण बहादुर थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय कृष्ण बहादुर थापाः**

माननीय सभामुख महोदय, माननीय प्रदेश प्रमुखज्यूले आर्थिक वर्ष २०७६।७७ को नीति कार्यक्रम यो सम्मानित सभामा प्रस्तुत गर्नु भयो र वहांलाई म व्यक्तिगत रुपमा पनि विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु किनभने साढे दुई घण्टा लगाएर हाम्रो प्रदेश सरकारले दिएको यो पुस्तिकालाई जस्ताको तस्तै पढेर बढिबाची हामीलाई सुनाउनु भएको हुंदा साढे दुइ घण्टाको अवधिमा एक थोपा पानी पनि नखाइकन जुन कुरा हामीलाई सुनाउनु भएको त्यसका लागी व्यक्तिगत तर्फबाट विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु । सभामुख महोदय, यो नीति कार्यक्रम अघि पनि हाम्रा एकजना सभासदले भन्दै हुनुहुन्थ्यो यो एकदम छहारीमा बसेर सनौं जस्तो अव घाम लाग्यो भने घाममै बसेर सुनौं जस्तो,पानी पर्यो भने यता सुनौं जस्तो एकदम प्रशंसा गर्नु भाथ्यो खुशी पनि लाग्यो । तर एउटा समस्या के छ भने अव यहां जतिसुकै राम्रो शव्द लेखेपनि त्यो पनि समस्या छ । अव कमजोरी त गर्नै हुंदैन यी विविध समस्याहरु चाहीं छन तर हामीलाई के विश्वास छ भने यो सम्मानित सभाले सवै समस्याहरुलाई हामीले नै फेरि सामुहिक रुपबाट हल गरेका छौं र यो नीति कार्यक्रम टक्क हेर्दाखेरी हामी सवैलाई के थाहा छ भने लोमान्थाङको शिरदेखि त्रिवेणिको तिरसम्म त्यतिमात्रै कहां हो र हाम्रो ढोरपाटनको त्यो घांसे मैदान देखि लार्पाकको भिरसम्म मुग्लिङको पुलदेखि राम्दिको पुल सम्म सबै यत्रतत्र सर्वत्र सबै ठाउंलाई यो नीति कार्यक्रमले समेटेको छ तसर्थ यो एकदम सुन्दर नीति कार्यक्रम छ भन्ने कुरामा हामी सवैको सहमत छ जस्तो मलाई चाहिं लाग्छ र यो नीति कार्यक्रमले किसान,मजदुर वेशिकल्ली हाम्रो देशका बहुसंख्य जनताहरु कर्मचारी, व्यापारी, युवा, महिला र विशेषत गरिव जनता दलित, अल्पसंख्यक,सिमान्तकृत र जनजाती सबै समुदायको हितमा यो नीति कार्यक्रम व्यवस्थित रुपले आएको छ । सभामुख महोदय र यो नीति कार्यक्रमले  विश्व सर्वहारा वर्गका महान गुरु डाक्टर कार्लमार्क्सको वैज्ञानिक समाजवादलाई छिटोभन्दा छिटो कसरी चुन्ने त्यसतर्फ यो नीति कार्यक्रम लक्षित छ र त्यसतर्फ उन्मुख छ तसर्थ यो नीति कार्यक्रम प्रति म र मेरा गौरवशाली पार्टि नेपाल कम्युनिष्ट पार्टिको तर्पबाट पूर्ण समर्थन रहेको कुरा यो सम्मानित सभामा सभामुख मार्फत जानकारी गराउन चाहन्छु । सभामुख महोदय, त्यतिमात्रै हैन यो नीति कार्यक्रमले हाम्रो देशको इतिहासको श्रृङखला

आन्दोलनको इतिहासको श्रृङखला जयन्तम संस्कृत आन्दोलन देखि ०६२/६३को जनक्रान्तिसम्म यसको सवै स्मरण र सम्झना गराएको छ र हालसम्मका सम्पूर्ण राजनीतिक क्रान्तिका उपलब्धिहरुलाई संस्थागत गर्ने संस्थागत गर्ने मात्र हैन त्यो संस्थागत गर्ने प्रतिवद्धतालाई यो नीति कार्यक्रम मार्फत व्यक्त गरेको छु । त्यसको साथसाथै छिमेकीसंगको सहकार्य सदभावलाई व्यवस्थित गरेकोछ र भौतिक पूर्वाधार छोटो समयमानै फडको मारेको छ र जनताको आधारभूत आवश्यकता बाटो, खानेपानी, शिक्षा, स्वास्थ्य, विद्युतलाई प्राथमिकतामा तोकेको छ र त्यसको साथसाथै यो यसको साथसाथै दुई वर्ष भित्र उज्यालो प्रदेश घोषणा गर्ने जुन प्रतिवद्धता व्यक्त गरेको छ त्यसलेत हाम्रो बांकी ६ वटा प्रदेशलाई नै एकदम चकितचैं पारेको देखिन्छ । सभामुख महोदय, सुशासनको प्रत्याभुति दिने यसका जुन एकखालको वेसिक इन्डिकेटरहरु छन । त्यसको पारदर्शिता,दण्ड र पुरस्कार मुख्यमन्त्रीज्यूले प्रत्यक्ष जनताका गुनासाहरुलाई सुझाव लिने काम यि चाहीं एक खालको महत्वपूर्ण चाँही छन साथै समृद्ध प्रदेश सुखी नागरिक बनाउने र यो चार वर्ष भित्र गरिवी जुन १४.२ प्रतिशतबाट त्यसलाई आधा घटाएर सात प्रतिशतमा झार्ने र औसत आर्थिक बृद्धिदरलाई १०.२ प्रतिशत पुर्याउने लक्ष्य छ यो असाध्यै महत्वपूर्ण काम छ भन्ने मलाई लाग्छ सभामुख महोदय र नीति र कार्यक्रम प्रदेश जनताको सम्पूर्ण प्रदेशका जनताहरको यो हितमा छ यसमा कुनै पनि द्धिविधा छैन । अव त्यति हुंदाहुंदै पनि त्यति हुंदाहुंदै पनि सवै शत प्रतिशत राम्रो नहुन पनि सक्छ र यो सम्मानित सभामा हामी सभासदहरुले आफ्नो एउटा सवच्छ सुझावहरु राख्न पर्ने पनि आवश्यकता ठानेको छु र म आफ्ना केही सुझावहरु पनि यहां राख्न चाहन्छु सभामुख महोदय र हाम्रो नीति कार्यक्रममा सबै वेतिथिहरुको अन्त्य गर्ने त हामीले भनेका चैं छौं । तर त्यसको एउटा ठोस रुपमा अहिले पनि नाताबाद कृपावाद ढिलासुस्तीको अन्त्य गर्ने आवश्यक नीति र विधिको आवश्यकता पर्छ र त्यलाई व्यवस्थित गर्नुपर्छ ।त्यस्तै गरेर अर्को सुझावको रुपमा भ्रष्टाचार म गर्दिन गर्न पनि दिन्न भनेर हाम्रो नीति कार्यक्रमको पेज नं.१७७ मा लेखिएको छ । तर एउटा विषय के हो भने यो सयौं वर्ष देखि जरा गाडेर बसेको जुन यो अव्यवस्था छ यो ट्याक्क फोटो खिचेर भित्तामा टांस्दैमा म भ्रष्टाचार गर्दिन गर्न पनि दिन्न भनेर त्यति सजिलै यो हुंदैन । तसर्थ यो सम्मानित सभामा यो भन्दा अगाडी दुई वटा सदनमा मैले विषय उठाएको थिएं । भ्रष्टाचार अन्तको लागी भ्रष्टाचार भन्दा पनि अहिले हाम्रो देशमा यत्रतत्र सर्वत्र यताउता त्यता यतै पनि कतै कमिशन तन्त्र यथावत छ र समुल नष्ट गर्नको लागी यो सम्मानित सभाबाट,हाम्रो गण्डकी प्रदेशबाट हामीलेनै शुरुवात गर्नु पर्छ कमिशन याक्ट ल्याउनु पर्छ कमिशन कानुन बनाउनु पर्छ र त्यो कमिशनबाट आउने पैसालाई जसरी हामीले अस्तिको वजेटमा वास्केट फण्ड के भन्याथ्यौं त्यस्तै गरेर वास्केट फण्डको व्यवस्था गर्ने र गरिवी निवारणलाई पहिलो प्राथमिकता दोश्रो भौतिक पूर्वाधारमा खर्च गर्ने गरेर गर्दा धैरै राम्रो हुन्थ्यो भन्ने मलाई लाग्छ सभामुख महोदय र त्यसको साथसाथै अहिले पनि शिक्षा, स्वास्थ्य र कानूनी सेवा यो जनताको पहुंच भन्दा बाहिर छ । असाध्यै महङ्गो छ असाध्यै महङ्गो छ । यो हामीले व्यवहारिक जीवनमा हेर्दा मात्रै थाहा हुन्छ तसर्थ यसलाई सर्वसुलभ जनताको हितमा कसरी हामीले यो लगाउन सक्छौं यसको पनि विशेष नीतिहरु ल्याइनु आवश्यक छ भन्ने मलाई लाग्छ सभामुख महोदय र त्यसको साथसाथै अर्को एउटा सुझाव हाम्रो परराष्ट्र नीति पंचशिलको सिद्धान्तमा आधारित छ । त्यसो भएको हुनाले हामिले व्यवहार गर्दा विशेषत हामीसंग दुइटा छिमेकी मुलुक छन वडो विचार गरेर व्यवहार गर्न जरुरी छ ।नत हामी उत्तरतिर बढि लहसिन सक्छौं नत दक्षिणतिर लहसिन सक्छौं । हामीले गरेका क्रियाकलापहरुको समिक्षा गर्दै हामी आगामी दिनमा यो सन्तुलनलाई व्यवस्थित बनाउन तर्फ पनि लाग्नु पर्ने आवश्यता छ म यो सुझाव राख्न चाहन्छु । सभामुख महोदय अन्त्यमा हाम्रो यो गण्डकी प्रदेश वास्तवमा अरु प्रदेश जस्तो होइन । इतिहासको यो देशको एकिकरणका नायक पृथ्वी नारायण शाह यही प्रदेशमा जन्मनु भयो गोर्खामा र सांच्चनै आज हामीले नेपाल भनेर भन्न पाएका छौं त्यो योगदानलाई हामीले भुल्न हुंदैन । नेपालको पहिलो प्रधानमन्त्री भिमसेन थापा त्यो पनि यही प्रदेशमा जन्मनु भयो र सरकारले नेपालको इतिहासले स्वीकारेको यो देशका एकिकरणका अर्का एउटा व्यक्तत्व अमरसिंह थापा, विसे नगर्चि, झांगल गुरुङ्ग यस्ता युग पुरुषहरु हाम्रो प्रदेशले पायो भने हाम्रो नीतिमा हाम्रो कार्यक्रममा आगामी दिनमा त्यो इतिहास झल्काउने एउटा एकिकरण नेपाल एउटा एकिकरणको म्यूजियम

यो प्रदेशले बनाउने यो प्रयास गर्यो भने मलाई लाग्छ देशको लागी सिङ्गो प्रदेशको लागी पनि एक खालको उदाहरण बन्न सक्छ भन्ने मलाई लाग्छ र यो सुझाव पनि म यहां राख्न चाहन्छु सभामुख महोदय ।यदि विचार यहांहरुको सम्मानित सभामा राख्दै मेरा आफ्ना भनाइहरु टुंग्याउन चाहन्छु धन्यवाद नमस्कार ।

**माननीय सभामुख**

माननीय सदस्य जुनादेवी नेपालीलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय जुनादेवी नेपालीः**

माननीय सभामुख महोदय, संघिय लोकतान्त्रिक गणतन्त्रको रक्षा एवं सुदृढिकरण गरी संविधानको पूर्ण कार्वान्वियन गर्न सामन्ति निरकुंश केन्द्रिकृत र एकात्मक राज्य व्यवस्थाले सृजना गरेको सदियौंदेखि समाजमा विद्यमान सवै प्रकारका विभेद,वन्चितिकरण र अशहिष्णुताको अन्त गर्दै अवसरबाट पछाडि परेका र पारिएका वर्ग, समुदाय, जातजाती, क्षेत्र र लिङ्गलाई राज्यको मुल प्रवाहमा ल्याउन लैङ्गिक हिंसा र जातिय छुवाछुत जस्तो अमानवीय व्यवहार लगायत विभेद तथा सामाजिक अन्धविश्वास, विकृतिको अन्त्यका लागी सचेतनामुलक बालविवाह लगायत सामाजिक कुसंस्कार हटाउन उत्पिडन, तिरस्कार जस्ता कार्य पछौटेपनबाट रुमलिएको नेपाली समाजलाई उन्मुक्ति दिलाउन प्रभावकारी, दिर्घकालीन लक्ष्य बोकी महत्वपूर्ण योजना र इच्छाशक्तिकासाथ यो नीति तथा कार्यक्रम आएको छ। माननीय प्रदेश प्रमुख श्री बाबुराम कुंवरज्यूद्धारा प्रस्तुत आर्थिक वर्ष २०७६र७७ को नीति तथा कार्यक्रम विगतको वर्षको समिक्षा र उपलव्धिहरुको चर्चा गर्दै यस गरिमामय सदन र जनता समक्ष जवाफदेही भइ आएको छ। साथै कमिकमजोरीहरुको चर्चा गर्दै अनेकौं प्रतिकुलका बाबजुद प्रदेश सरकारले महत्वपूर्ण उपलव्धिहरु हांसिल गरेको कुरा प्रस्तुत भैसकेको छ र माननीय सभामुख महोदय, प्रदेशको मुलनीति राजनीति हो त्यही राजनीतिको आधारमा प्रदेशको समग्र नीतिहरुको निर्माण हुन्छ। लोकतन्त्रका आधारभूत मान्यता संवैधानिक सर्वोच्चता कानूनको शासन मानव अधिकारको संरक्षण न्याय, समानता, सामाजिक न्याय, लैङ्गिक जातीय समानता तथा प्रदेशको आर्थिक समृद्धि तथा विकासनै हाम्रा सैद्धान्तिक आधारहरु हुन यिनै सैद्धान्तिक आधारहरु तथा जगमा रहेर नै हामीले प्रदेशको समृद्धि र विकासको खाका कोरिनु पर्दछ। प्रदेशको समग्र आर्थिक गतिविधि उपलव्ध प्राकतिक आर्थिक र मानवीय श्रोत साधनको अधिकतम र समुचित उपयोग माध्यमबाट हामीले प्रदेशको विकासलाई सम्भव तुल्याउन सकिन्छ । हामीले तय गर्ने नीतिहरु कार्यक्रम तथा वजेट नै हाम्रो विकासका रणनीतिक आधारहरु हुन हुन सक्छन तसर्थ यि सवै कुराको वैज्ञानिक विष्लेषण गरि नीति तथा कार्यक्रमहरु तय गरिनु पर्दछ । हामीले जनतासंग गरेको प्रतिवद्धतालाई ध्यानमा दिइ निर्माण गरिनु पर्दछ । नेपालको संविधानले अंगिकार गरेका राज्यका राजनैतिक सामाजिक आर्थिक नीतिहरु कानूनको शासन मानवको अधिकार मौलिक हक अन्तरगत रहेका शिक्षा, स्वास्थ्य, सामाजिक न्याय र सामाजिक संरक्षण जातिय तथा लैंङ्गिक विभेदको अन्त्य पछाडि परेका र पारिएका वर्ग समुदायको आर्थिक तथा सामाजिक शसक्तिकरण र दलित, महिला, आदिवासी, जनजाती, बालवालिका, अपाङ्गता भएका व्यक्ति, लैंङ्गिक अल्प संख्यक तथा जेष्ठ नागरिकको विकास तथा उत्थान हुने नीति तथा कार्यक्रमहरु प्राथमिकतामा राखिनु पर्दछ । माननीय सभामुख महोदय सरकारले ल्याएका महत्वपूर्ण नीति तथा कार्यक्रमहरु यो महत्वपूर्ण नाराका साथ आएका छन। गण्डकी प्रदेशलाई पर्यटनको हव बनाउने र उज्यालो प्रदेश बनाउने लगायत महत्वपूर्ण नाराका साथ कार्यक्रमहरु गण्डकी प्रदेशले सरकारले ल्याएको छ । यस प्रति म गण्डकी प्रदेश सरकारप्रति आभार प्रकट गर्दै धन्यवाद दिंदै म पूर्ण समर्थन गर्दछु र आर्थिक सामाजिक रुपमा विगतका विरासतले छाडेका विसंगतिलाई हटाउन जनताको आर्थिक सामाजिक जीवनस्तर उकास्ने उन्नती प्रगतीसंग जोडि अधिकतम उपयोग र विकास गर्ने नीति तथा कार्यक्रम ल्याइनु पर्दछ यो दलित सहकारी संस्थाको संस्थागत सुदृढिकरणका लागी आवश्यक सहयोग गर्ने र नागरिक अधिकारको सम्मान सामाजिक सुरक्षामा सरकारको ध्यान हरेक क्षेत्रमा दलितको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै आर्थिक सामाजिक शसक्तिकरण गरिने कुरा ल्याइनु पर्दछ। व्यवहारमा हामीले जहां जे गर्नु पर्ने हो त्यहां त्यो गर्नु पर्ने नीति लिनु पर्दछ । त्यसैले मैले थप यो कुरा थप गर्नको लागि विशेष ध्यान आकर्षण गर्दछु

र उत्पादन र वितरणमा रहेको असमानता तथा विभेदपूर्ण अवस्थालाई हटाइ विपन्न र पिछडिएका क्षेत्र तथा दलित समुदायका लागी प्रदेश सरकारले विशेष नीति तथा कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिनु पर्दछ । स्थानीय तहको आवश्यकता र मागका आधारमा स्वास्थ्य चौकी भवन निर्माण,विद्यालय भवन निर्माण, महिला समुह, युवा समुह, दलित समुह जस्ता समुदायका भवनहरु निर्माण गर्ने नीति लिनु पर्दछ । संघ र स्थानिय तहको सहकार्यमा स्वास्थ्य विमा कार्यक्रमलाई सबै जिल्लामा विस्तार गरिनु पर्ने र प्रदेश भित्र रहेका सरकारी स्वामित्वमा रहेका खाली जग्गाहरुको पहिचान गरि भूमिहिन गरिव तथा दलित समुदायका परिवारहरुलाई आय आर्जन हुने गरि विभिन्न आयमुलक कार्यक्रमहरु संचालन गरि जमिनको सदुपयोग गर्ने नीति तथा कार्यक्रम ल्याउनु पर्ने प्राकृतिक श्रोत साधनमा गरिव किसान उत्पिडित तथा बन्चितिमा परेका वर्ग समुदायको पहुंचलाई अभिबृद्ध गर्ने गरिव तथा उत्पिडनमा परेका बालबालिकाहरुको शिक्षामा सहज पहुंच नियन्त्रण सामाजिक तथा आर्थिक रुपले पछाडि परेका वर्ग समुदायको आर्थिक सामाजिक तथा शैक्षिक समस्याहरुको समाधान गर्ने तथा सहज र सर्वसुलभ स्वास्थ्य सेवा स्वच्छ खानेपानी तथा गम्भिर खालका रोगहरुको उपचारमा सहुलियत पुरयाउने नीति तथा कार्यक्रमहरु ल्याउनु पर्ने तवमात्र हामीले यो यस वर्षमा यस प्रदेशमा गण्डकी प्रदेशका जनताहरुको इच्छा आकांक्षा र आवश्यकतालाई सम्वोधन गर्न सक्छौं र प्रदेशको समृद्धि र विकास गर्न सकिने कुरा जानकारी गराउंदै अन्त्यमा म यो नीति तथा कार्यक्रमको मेरो पार्टी र मेरो तर्फबाट पूर्ण समर्थन गर्दै मेरो भनाइहरु यहीं अन्त गर्दछु । हवस्त धन्यवाद नमस्कार ।

## माननीय सभामुख

माननीय सदस्य श्री मणिभद्र शर्मालाई छलफलमा भागलिन समय दिन्छु ।

## माननीय मणिभद्र शर्माः

माननीय सभामुख महोदय गत अधिवेशनहरुमा भन्दा यसपाली हाम्रा मन्त्रीज्यूहरुको कवित्व जाग्रित भएकोमा खुशि र रमाइलो मान्दै आफ्ना कुराहरु शुरु गर्न चाहन्छु। यसमा बुंदा नं.९८,१०७,१०८,१०४ मा केही राम्रा कुराहरु असाध्यै गम्भिर राम्रा कुराहरु छन । यसलाई स्वागत गर्न चाहन्छु र बुंदा नं.१६४,१७१ र २०२ मा तीन ठाउंमा यो पुस्तिकामा समाजवाद भन्ने शव्द प्रयोग गरिएको छ। हाम्रो संविधानको प्रस्तावनामा लोकतान्त्रिक समाजवाद भन्ने शव्दलाई बडो फोकस गरेर लेखिएको छ। म सरकारलाई त्यो लोकतान्त्रीक भन्ने शव्द नछुटाउन अनुरोध गर्दछु । अव यो कतिपय बुंदाहरु गोलमटोल भाषाका अव यस संसदीय मर्यादामा मैले ती शव्दहरु भन्न अलि मिल्दैन होला । रकमी भाषा दोहोरो तेहेरो अर्थ लाउने भाषाका बुंदाहरु पनि छन । जस्तै ९६,१३३,१३९ अरु पनि त्यस्तै छन मैले अलि छोटकरीमा सांकेतिक रुपमा यी कुराहरु राखें र हाम्रो यो विषादी अवशेष परिक्षण गर्न खैरेनी र पूर्वि नाका खैरनी र दक्षिणी नाका मालुङ्गालाई केन्द्र तोकीएको रहेछ ।मैले बुझ्नै सकिन यो उताबाट आउने चिजमा विषादी नियन्त्रण गर्न यता ल्याउन नदेउ तिमेरका नदेउ पाउनौ भनेर उता पांच नम्वरबाट र तीन नम्बरबाट आउने प्रदेशबाट आउने सामानलाई त्यो अवशेष उ गर्ने हो की हाम्ले पठाउनेलाई गर्ने हो की यताबाट उता पठाउनेलाई गर्ने हो ? या यहांका यस प्रदेश भित्रका आम जनताले त्यो विषादी भएका सामानहरु प्रयोग गर्न नपरोस र ह्यां उत्पादन भएका चिजहरुले पनि त्यो परिक्षण गर्न पाओस भन्ने हो यसमा क्लियर भएन यदि उताबाट आउने हो भने तीन नम्बर र पांच नम्बरबाट आउनेलाई मात्रै केरे आउने सामानमा मात्रै हाम्ले त्यो विषादी अवशेष छकि छैन त्यहां विषादी अवशेष छ भने त्यस्ता चिजलाई फर्काइदिनी भन्नु पर्यो । यो यस्तो चलन प्रायजसो यो प्रदेश प्रदेशको विचमा गर्दा के सन्दर्भ रहला? मैले बुझेको यस्तो अन्तराष्ट्रियस्तरमा हुन्छ । एउटा राष्ट्र र अर्को राष्ट्र विच त्यस्तो हुन्व । त्यसो भएको हुनाले यताको राष्ट्रबाट त हुंदै हुंन्न अव यताको राष्ट्रतिर पनि त्यो प्रचलन उत्तरतिरको राष्ट्रको पनि हाम्ले त्यो प्रचलन ल्याउने होकी होइन? त्यो कुराहरु हुनुपर्ने हो यो छिमेकी प्रदेशकोसंग अलिकति यसले हाम्लाई कस्तो किसिमको पार्ला यसमा गम्भिर विचार गरिनु पर्च भन्ने मलाई लाग्दछ । अर्को कुरा यो शिक्षा नीतिको कुरा गर्दा केहि दिन अगाडी यस सरकारका माननीय अर्थमन्त्री र म समेत एउटा स्कुलको कार्यक्रममा संगै थियौं । त्यो स्कुलको कार्यक्रममा जांदा

त्यहांका गाउंलेहरुले त्यो स्कुल सुधार गर्नका लागी दुई करोड चन्दा उठाए । लगभग दुइ करोड चन्दा उठाए त्यहां अहिले गाउंमा स्कुलहरुको दशा सुधार गर्नका लागी अहिले पनि चन्दा संकलन जोगी महात्माहरुलाई अथवा चटकेहरुलाई लगेर रमाइलो बनाएर पैसा उठाउने क्रममा बाध्यता छ जनतालाई। अव गाउलाई जिम्मा दिनि केरे पालिकास्तरलाई शिक्षा नीति विद्यालयतहको दिनी भन्नी पनि छाउनेरको हालत त्यस्तो छ। अव हाम्रो हालत कस्तो छ हाम्ले त्यसबारेमा बोल्न सकेनौं एउटा पक्ष अर्को पक्ष यो बोर्डिङ्गहरु जुन नीजि तहमा चलिरहेका छन यसका वारेमा अव समाजवाद उन्मुख अव समाजवाद उन्मुख अर्थतन्त्र बनाम्चम भनेर भाषण गर्दानी भन्नी किताबमानी लेख्नी तर शिक्षा नीतिले एउटा गरिव निमुखा जनताहरु पढने स्कुलको विजोग छ। अर्कोतिर अव हुनेखाने टाठाबाठा अव हामीमध्येका पनि सवैका छोराछोरी नातिनातिना त्यसतैमा पढने मेरानी नातिनातिना त्यसैमा त्यस्तै नीजि स्कुलमा पढछन । छोराहरुलाई मैले पढाइन सरकारमै पढाउन पर्छ भने अव छोरा बुहारीले त्यो कुरो मानेन अव त्यो वातावरण यलाई निरुत्साहित गराउने कुरा यो शिक्षा नीतिमा मैले कहिं पनि पाउन सकिन । अव यसका बारेमा पनि सरकारको ध्यान पक्कै जानेछ र अर्को कुरो मेरो दलको नेता आदरणीय कृष्णचन्द्र नेपाली र मुख्यमन्त्रीज्यूले अस्ति एउटा उसमा यही उसबाट मंचबाट यो कालीगण्डकीको पानीलाई हामी दक्षिणतिर मोडेर लान दिन्नम भनेर एक्यवद्धता जनाउनुभो। त्यसमा मेरो पनि समर्थन छ। यस प्रदेशवासी सवै जनताको समर्थन हुन्छ त्यो स्वभाविक हो । म दुवै नेताहरुलाई एउटा व्यवहारिक र यो प्रदेशको पनि हित हुने अरु छिमेकी केरे प्रदेशसित पनि सुसम्बन्ध कायम हुने एउटा उपाय छ त्यो सुझाउन अनुरोध गर्छु । त्यसमा ध्यान दिइयोस् भन्ने अनुरोध गर्छु त्यो के हो भने बाग्लुङको ढोरपाटनमा जलाशययुक्त एउटा विद्युत गृह बनायो भने त्यहां झण्डै तीन चारवटा विशेषज्ञका प्रतिवेदन छन। ९०० मेगा देखि १३०० मेगासम्म विद्युत निक्लिन्छ भनिन्छ । अर्थात् १००० मेगा हाराहारीमा त्यहां विद्युत क्षमता भएको एउटा प्रोजेक्ट बनाम । त्यो पानी अहिले उतातिर बगेर गैराछ यता फर्कायम भने त्यो पानीको जति प्रवाह यो हाम्रो निसी खोला बाग्लुङको निसी खोला बढीगाड हुंदै कालीगण्डकीमा मिसिन आउंछ। तेलाई उता छिमेकीकहां पठाइदिउं बरु छिमेकीसित र हाम्रो सम्माननिय प्रधानमन्त्रीलाई के अनुरोध गरम भने यो वर्खाको भेल हाम्रो निसीखोलाले थाम्न सक्दैन त्यो उ केरे ढोरपाटनको पानी यता फर्कायम भने तेलाई ठुलो जलाशय बनाम अनि शुक्खा सिजनमा मात्रै पानी ल्याउं र त्यो केरे नदीको साइजले पनि थाम्छ अनि त्यो शुक्खा सिजनमा उता तराइतिर पनि पानी पठाउन पाइन्छ। त्यो पानी पठाउंदाखेरी ठूलो सुरुङ्गको माध्यमबाट पानी पठाउं र त्यो सुरुङ्गमा मोटरबाटो पनि आओस र हामी त्यो सिद्धबाबामा रामरामराम भनेर हिंडन नपरोस्।त्यो पांच नम्वर प्रदेशका गुल्मीका र हामी त्यो भेगबाट हिंडन बाध्यता हुने जनतालाई पनि सुविधा होस । माननीय केरे सम्माननीय प्रधानमन्त्रीज्यूलाई अस्ति खुसुक्क फकाउन खोज्नुभो मलाई प्रधानमन्त्रीले भनेर पनि मुख्यमन्त्रीज्यूले एउटा बाक्य चस्स छोड्नुभो ।मलाई त्यो ढंगले नफकाउनुहोस प्रधानमन्त्रीज्यू मलाई चैं त्यो काम शुरु गरेर देखाई दिनोस ताकि त्यो विद्युतको रोयल्टि पनि हामी हकदार हुन्छौं। ढोरपाटनबाट केरे जलाशयबाट आउने विद्युतको रोयल्टिको पनि हामी हकदार हुन्छौं। त्यहां विद्युत उत्पादनको मात्रा पनि बढछ। उता छिमेकी प्रदेशसित पनि हाम्रो सुसम्बन्ध हुन्छ। त्यहांका नेता साथीहरुसित पनि तपाईहरुलाई मिठो सधैं उज्यालो अनुहार लगाएर बोल्ने वातावरण बन्छ भन्ने मैले यी कुराहरु राखें र हाम्रा केही कुराहरु यसमा हामीले सदनमा कुराहरु उठाएका छौं ती कुराहरु पछि व्याख्या गर्नु हुनेछ मैले त्यस बारेमा बोलिन मैले छोटै कुराहरु राख्दै आफ्ना भनाइहरु अन्त गर्दछु। धन्यवाद, जयनेपाल ।

## माननीय सभामुख

माननीय सदस्य श्री दिलमाया रोका मगरलाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय दिलमाया रोका मगरः**

माननीय सभामुख महोदय, सर्वप्रथम यो मुलुक नेपाल र नेपाली जनतालाई यहांसम्म ल्याई पुर्याउन दशवर्षे जनयुद्ध, ऐतिहासिक जनआन्दोलन र विभिन्न आन्दोलनमा आफ्नो प्राणको उत्सर्ग गर्ने महान सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै वेपत्ता योद्धाहरुप्रति सम्मान तथा घाइते अपाङ्गप्रति शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । सभामुख महोदय

गण्डकी प्रदेश सभामा माननीय प्रदेश प्रमुख बाबुराम कुंवरद्धारा २०७६ जेष्ठ २४ गते प्रस्तुत आर्थिक वर्ष ०७६।७७ को नीति तथा कार्यक्रममाथि छलफलको क्रममा रहेका छौं । सभामुख महोदय कुनै पनि समस्याको अनुसन्धान गर्नुनै वास्तवमा त्यसको समाधान गर्नु हो । यसर्थ यतिवेला प्रदेश सरकारले थुप्रै समस्याहरुको विचबाट पनि प्रदेश भरिका भौगोलिक, प्राकृतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक सवै पक्षहरुको मेहनतकासाथ अध्ययन तथा अनुसन्धान गरि त्यसको समाधान सहित २०३ बुंदाहरुमा समावेश गरि नीति तथा कार्यक्रममार्फत आफ्नो गन्तव्य निर्धारण गरेको छ । सभामुख महोदय, प्रदेश सरकारले नीति तथा कार्यक्रममा मुख्य लक्ष्य उत्पादन तथा उत्पादकत्वमा बृद्धि गरि गरिबी घटाउने प्रतिव्यक्ति आयमा बृद्धि गरि रोजगारीको श्रृजना गर्दै गण्डकी प्रदेशलाई समृद्ध प्रदेश बनाउने लिएको छ । सभामुख महोदय, यसैगरी पोखरालाई पर्यटनको हव बनाउने र राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यटनको राजधानीको रुपमा विकास गर्ने गरी सन २०१९ लाई आन्तिरक पर्यटन वर्ष सन् २०२० लाई छिमेकी आकर्षण पर्यटन वर्ष र सन २०२२ लाई अन्तराष्ट्रिय पर्यटन वर्ष घोषणा गरि सन २०२२ सम्ममा बार्षिक २० लाख पर्यटक भित्र्याउने लक्ष्य लिएको छ। सभामुख महोदय, यसैगरी भौतिक पूर्वाधार निर्माण गरि प्रदेशका ८५ वटै पालिकाहरुलाई सडक सन्जाल मार्फत जोडने र हिजो भएका त्यो धुले सडकहरुलाई ३६ वटा प्रदेश गौरवका सडक मार्फत ग्रावेल र पिच गर्ने लक्ष्य लिएको छ । खानेपानी नपुगेका घरधुरीमा १ घर १ धारा मार्फत गुणस्तरीय स्वच्छ खानेपानीको व्यस्था गर्ने, जग्गाको चक्लाबन्दि गरी उत्पादन तथा उत्पादकत्वमा बृद्धि गरि आयात प्रतिस्थापन गर्ने, निर्यात प्रवद्धनमा जोड दिने नीति लिएको छ । यसैगरी सभामुख महोदय गण्डकी प्रदेशलाई उज्यालो प्रदेश बनाउने शिक्षालाई व्यवहारिक र वैज्ञानिक बनाउन बनाउन शिक्षा नीति तय गरी प्रदेशलाई पुन साक्षर बनाउने प्रदेशको शक्ति स्वच्छ जनशक्ति उत्पादनको लागी स्वास्थ्य नीति तय गर्ने । सामाजिक सुरक्षा, भ्रष्टाचारमुक्त सुशासन स्थापित गर्दै प्रदेशलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरको खेल संचालनको लागी रङ्गशाला निर्माण गर्ने लैङ्गिक हिंसा तथा सामाजिक कुरुति जातीय छुवाछुत तथा सामाजिक अन्धविश्वास बिकृती अन्त्यको लागी सामाजिक जागरण र सचेतनामुलक कार्यक्रम मार्फत जागरुक गर्ने लक्ष्य लिएको छ । सभामुख महोदय, गण्डकी प्रदेश भाषा, कला, साहित्य, संगित र संस्कृतिमा यसैपनि चर्चित नाम हो । यसको ऐतिहासिक स्मारक र पुरातात्विक तत्वहरुको अध्ययन अनुसन्धान र संरक्षण संभार तथा पुननिर्माण सम्वन्धि नीति बनाइ यसको व्यवस्थापन गर्ने लगायत प्रदेशको समानुपातिक विकास र समृद्धिको निम्ति आफ्नो नीति कार्यक्रममा स्पष्ट रुपमा व्याख्या गरेको छ। सभामुख महोदय, यति हुंदाहुंदै यो नीति तथा कार्यक्रममा थुप्रै टिकाटिप्पणीहरु पनि हुने गरेका छन । हामीलाई थाहा छ नेपालको संवैधानिक व्यवस्था अनुसार व्यवस्था भए अनुसार नेपाल संघिय संरचनामा रुपान्तण भै मुलुकको पुरानो राजनैतिक एवं प्रशासनिक संरचनामा परिवर्तन भएको छ। परिवर्तित नयां संरचनामा कार्य सम्पादन गर्नको लागी सहज अवश्य पनि छैन। मलाई लाग्छ सवै अप्ठयाराहरुसंग जुध्ने एउटै मात्र बाटो सामाजिक अनुसन्धान हो यसैमा आधारित रहि प्रदेश सरकारले आफ्नो नीति तथा कार्यक्रम ल्याएको छ । सभामुख महोदय, मलाई लाग्छ । यो नीति तथा कार्यक्रम एउटा इतिहास हो र यो दस्तावेज पनि हो । जसमा विगतका घटनाक्रमहरुको विवरण रहेको हुन्छ । यसले भोलिका पुस्ताका लागी यो प्रदेश सरकारको उन्नति र विकास कसरी भयो यसको यसको प्रारम्भिक स्वरुप कस्तो थियो? विगतमा के कस्ता कस्ता सरकारहरु थिए? सरकारको स्वरुप किन र कसरी परिवर्तनहरु भए र शक्तिका लागि मानिसहरुले के कस्ता संघर्षहरु गरे भन्ने कुराको ज्ञान भविष्यमा दिनेछ । त्यसैले सभामुख महोदय यो नीति तथा कार्यक्रममा हिजोका दिनमा बांकी रहेका कामलाई पुरा गर्दै आगामी कार्यक्रमहरुको मार्ग प्रस्शत गरेको छ । सभामुख महोदय यो नीति तथा कार्यक्रमको लक्ष्यलाई चुम्नको लागि व्यवहारिक प्रयोगमा जव हामी यो नीति कार्यक्रमलाई भौतिक शक्तिमा परिवर्तन गर्न सक्छौं तव यो समाजलाई परिवर्तन गर्छ प्रदेशले रुपान्तरण गर्छ भन्ने कुरामा म विश्वस्त छु। यसर्थ जुन मेहनतका साथ यो नीति तथा कार्यक्रम ल्याएको छ। त्यसमा यसको लागी प्रदेश सरकारप्रति हार्दिक आभार प्रकट गर्दछु र शुभकामना व्यक्त गर्दछु। सभामुख महोदय सभामुख महोदय यसको सभामुख महोदय यसको कुनै पनि कुराको विकासको आधारभुत कारण बाह्य हैन भित्रि हुन्छ। वाह्य कारणहरु परिवर्तनको अवस्था र भित्रि कारणहरु परिवर्तनको आधारहरु हुन। त्यसैले गण्डकी प्रदेशको विकास र समृद्धि हुनुमा नीति तथा कार्यक्रम प्रमुख आधार हो र यो नीति तथा

कार्यक्रमको जगमा रही हामीले  निर्माण गरेको हरेक कानूनको पालना गर्दै अगाडी बढ्यौं भने गण्डकी प्रदेशको दुरदराजमा रहेका जनताको चाहना आवश्यकता र अभिभारा हामी पुरा गर्न सक्छौं भन्ने कुरामा म विश्वश्त छु। त्यसको लागि प्रदेश सरकारले यो नीति तथा कार्यक्रममा पछाडी पारिएका वर्ग जाती महिला दलित र द्धन्द पिडितको सूचिमा सुचिकृत घाइते अपाङ्गको लागी ठोस तथा मुर्त रुपमा सवै मन्त्रालयहरुले वजेट सहित रोजगारीको कार्यक्रम ल्याउंदा अझै प्रभावकारी हुनेछ र अन्तमा सभामुख महोदय हामीले धेरै बोल्ने थोरै गर्ने भन्दा थोरै बोल्ने र धेरै गर्ने वानीको विकास गरौं नभएका कुराहरु खोजिरहनु भन्दा भएकालाई यथाशिघ्र कार्यान्वयन गरौं त्यसैमा गण्डकी प्रदेशको जनताको र जनप्रतिनिधिको भलो हुनेछ।धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्य श्री मान बहादुर गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय मान बहादुर गुरुङ्गः**

माननीय सभामुखज्यू गण्डकी प्रदेश सरकारको आ व २०७६/७७ को नीति तथा कार्यक्रम माननीय प्रदेश प्रमुखज्युद्धारा गण्डकी प्रदेश समक्ष प्रस्तुत गरि सकेको छ र छलफलको क्रममा छ र म छलफलमा सहभागी भएको छु। असाध्यै मेहनतका साथ सोचबिचार गरी २०३ बुंदे नीति तथा कार्यक्रम आएको छ। मैले राम्ररी सुनेको पनि छु सरसर्ति हेरेको पनि छु। धेरै राम्रो छ। मैले सोचेको भन्दा मैले परिकल्पना गरेको भन्दा राम्रो छ। धन्यवाद छ बधाइ छ शुभकामना छ। मेरो पूर्ण समर्थन छ प्रदेश सरकारलाई। यो नीति कार्यक्रम ल्याउनु भयो । सभामुख महोदय जिज्ञासा लाग्न सक्छ धेरै राम्रो छ भन्ने कुरामा वा किन भन्ने प्रश्न हुन सक्छ। निरंकुश शासन व्यवस्थाको अन्त्य गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्ने गर्न जिवन बलिदान गर्नुहुने सम्पूर्ण अमर सहिदहरुप्रति श्रद्धासुमन गरेको छ। घाइते परिवार प्रति स्वास्थ्य लाभको कामना गरेको छ र बेपत्ता परिवार प्रति उच्च सम्मान गरिएको छ । स्वर्गिय माननीय टेक बहादुर घर्तिको असामयिक निधन प्रति गहिरो भावपूर्ण श्रद्धाञ्जली अर्पण गरेको छ यो नीति कार्यक्रममा यो सरकारले । सभामुख महोदय सरकारले विधिको शासन प्रति आफ्नो प्रतिवद्धता जाहेर गरेको छ । विगतको योजना र कामको शुक्ष्म समिक्षा गरि राम्रो कामको निरन्तरता दिएको छ । पन्ध्रौं र पंचबर्षिय योजनाको आधारपत्र तयार गरि अल्पकालिन मध्यकालिन र दिर्घकालीन प्रदेशको विकास र समृद्धिको लक्ष्य लिएको छ । उत्पादनमा जोड दिएको छ । प्रविधि र विज्ञानमा जोड दिएको छ । भूमिहिन सुकुम्वासीको तथ्याङ्क संकलन गरी गुठि जग्गाको भूमि लेख तथा संरक्षण जग्गा खण्डिकरण र बांझो राख्ने प्रबृतिलाई निरुत्साहित गरिएको छ । जग्गा चक्लाबन्दि जग्गा लिजमा लिने दिने नीतिगत कानूनी व्यवस्था गरि एकिकृत वस्ति विकासको नीति लिएको छ । सभामुख महोदय समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षालाई सफल पार्ने उद्देश्य लिएको छ । आगामी चार वर्ष भित्र बहुआयामिक गरिवी १४।द्द प्रतिशतबाट ७ प्रतिशतमा झार्ने र प्रदेश औसत बृदिदर आर्थिक बृद्धिदर १०।द्द प्रतिशत बृद्धदर गर्ने लक्ष्य लिएको छ । यो नीति कार्यक्रमको सवल पक्ष भनेको फेरी पनि उदघोष गरिसकेको छ साथीहरुबाट भ्रष्टाचार गर्दिन र गर्न पनि दिंदैन । सुशासन कायम दिगो विकास, दिगो शान्ति, सामाजिक न्याय सवै प्रकारको विभेद अन्त्य गरि समाजवाद उन्मुख अर्थतन्त्रको विकास गरि लोक कल्याणकारी राज्य व्यवस्था स्थापना गर्ने यस्तो राम्रो कार्यक्रममा मैले कसरी नराम्रो भनौं सभामुख महोदय । गुरुङ्ग भाषाबाट एउटा उखान छ (गुरुङ्ग भाषा) कोट्यायो वा कन्यायो भने खरानी सवैको जीउबाट निस्कन्छ भनेर भन्छ । तर यो नीति कार्यक्रम त्यस्तो पनि छैन। जति कोट्याय पनि त्यो नराम्रो भेटिन सक्दैन । त्यसकारणले मैले राम्रो भन्न खोजेको हो सभामुख महोदय । संविधानको मुल मर्म बमोजिम सहमति, सहअस्तिव, समन्वय, समानुपातिक, समावेशी, सहभागिता र सहकार्य गरि संघिय गौरवको योजना, प्रदेश गौरवको योजना र स्थानियसंग सहकार्य गर्दै अघि बढने कुरामा यो नीति कार्यक्रमले बोलेको छ सभामुख महोदय । बालवालिका, जेष्ठ नागरिक, एकल महिला, अपनत्व भएको व्यक्तिहरुको अधिकार संरक्षण तथा समवर्धन गर्ने गरी यो नीति कार्यक्रमले

बोलेको छ सभामुख महोदय । अन्तमा मेरो एउटा सुझाव भनौं की के भनौं सरकारले गण्डकी प्रदेशको विकास र समद्धिको मुख्य आधार पर्यटन विकास लिएको छ । मेरो पूर्ण समर्थन छ सभामुख महोदय । यो कुनै कमेण्ट छैन । तर हामीले यही जेठ २० गते ६९ औं अन्नपूर्ण आरोहण दिवस मनायौं । १९५० मा पहिलो अन्नपूर्ण चढेको दिन । कतै यो पर्यटन विकास भनी राख्दा प्राथमिकताको आधार मानी राख्दा यो कुरा पनि समावेश गर्न सके राम्रो हुन्थ्योकी रु हाम्रो पर्यटनको मुल आधार भनेको हिमाल नै हो। त्यस कारणले हिमाललाई गण्डकी प्रदेशको राजधानी पोखराबाट दुई घण्टामा हिउं छुने र खेल्ने इन्भारमेण्ट बनाउन सकिन्छ कि महोदय । म यो प्रदेश सरकारलाई मेरो आग्रह गर्न चाहन्छु । त्यसकारण गण्डकी प्रदेशले रोयल्टिको कुरामात अलिकति उठाएको छ । यो पाउनुपर्छ भनेर तर सगरमाथा चढने व्यक्तिहरुको घुइंचो छ । देशमा आठ हजार उचाइ माथि १४ वटा हिमालमध्ये ८/९वटा हिमाल त यहि प्रदेशमा छ। त्यसकारणले हिमाल आरोहरणको कुराहरुलाई हामीले अलिकति बढि जोड दिन सक्यो भने हामीले परिकल्पना गरेको वा हामीले अव हाम्रो वजेटमा ल्याएको छ वा हाम्रो नीति कार्यक्रममा ल्याएको छ। पंच वर्षिय योजना बनाएको छ । यी २०१९, २०२०, २०२२ अन्तराष्ट्रिय दिवस पर्यटन हवहरु भनिराख्नि वेलामा सायद यो कुराहरु राख्न सक्यो भने राम्रो हुन्थ्यो कि भन्ने मलाई लाग्दछ सभामुख महोदय। प्रदेश सरकारको विचार, दृष्टिकोण, योजना नीतिगत रुपमा आइसकेको छ । मेरो विचारमा आधा काम भइ सक्यो जस्तो लाग्दछ। अव यसलाई कार्यान्वयनको पक्ष बांकि छ। यो कार्यान्वयन पक्षलाई हामी सवै मिलेर हामी सवै जुटेर सफल पारौं गण्डकी प्रदेश नेपालको सवैभन्दा नमुना प्रदेश बन्ने कुरामा हामी सफल हौं र सांच्चीकै रुपमा यसो गर्न सक्यौं भने हामी यो सदनमा पहिलो पटक आएको सार्थक भएको हुनेछ भन्ने अपेक्षा राख्दै फेरी पनि म यो प्रदेश सरकारलाई धेरैधेरै धन्यवाद दिंदै मेरो आफ्नो भनाई अन्त गर्छु । धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्य श्री दोबाटे विश्वकर्मालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय दोबाटे विश्वकर्मा:**

सभामुख महोदय, गण्डकि प्रदेश सभाका माननीय प्रदेश प्रमुख बाबुराम कुंवरद्धारा प्रस्तुत आर्थिक वर्ष २०७६/७७ को नीति कार्यक्रमको सन्दर्भमा हामी छलफलमा जुटिराखेका छौं। वास्तवमा यो नीति र कार्यक्रम सन्दर्भमा धेरै माननीयज्यूहरुले असाध्यै राम्रो छ भन्नुभको छ। हामीले यलाई नराम्रो भन्यौं भने प्रतिपक्षको भूमिका निर्वाह गर्यो भन्ने पनि पर्ला त्यतातिर म नजाउ र वास्तवमा म सुझावहरु के राख्न चाहन्छु र वास्तवमा विगतमा पनि हाम्ले नीति र कार्यक्रम प्रस्तुत गर्यौं। पेश गर्यौं, पास गर्यौं र हाम्ले एक वर्षको वितेको एक वर्षमा त्यो कार्यक्रमले कस्तो परिणाम दियो भन्ने कुरा हामी सामु छर्लङ्गै छ। त्यसले निश्चयनै हाम्रो लक्ष्य र उद्देश्य गन्तव्यभित्र पुग्न नसकेको कुराहरुमा दुई मत छैन। त्यसकारणले यो वर्षको नीति र कार्यक्रमले तेलाई तेलाई सुधार गर्दै अगाडी बढनेछ भन्ने मैले विश्वास लिएको छु। वास्तवमा म केहि बुंदागत आफ्ना सुझाव राख्न चाहन्छु। जसरी मेहनतका साथ ५७ वटा पेज र ५७ पेज २०३ बुंदामा यो नीति र कार्यक्रम प्रस्तुत भाको छ र यो नीति र कार्यक्रममा ७३ नं. बुंदामा जसरी भुमी र सुकुम्वासीहरुको सन्दर्भमा जुन कुराहरु उल्लेख गरिएको छ तेले धेरै राम्रो कुराहरु त्यसमा उल्लेख गरिएको छ। तर वास्तवमा गत सालमा पनि हाम्ले लक्षित वर्ग विपन्न वर्गहरुको सन्दर्भमा हाम्रो नीति र कार्यक्रममा प्रस्तुत भाको थियो र अहिले पनि भूमिहिन सुकुम्वासी र सुकुम्वासी र विपन्न समुदायहरुलाई जनता आवास र भुमिको व्यवस्थाको कुराहरु त्यहां गरिएको छ। तर यो नीति र कार्यक्रममा मात्रै सिमित नभैकन यलाई वजेटको व्यवस्था गरेर भूमिको न्यायोचित व्यवस्था गरेर तेलाई आवासको पनि व्यवस्था गर्नलाई वजेट विनियोजित गरियोस् भन्ने पनि म आग्रह गर्न चाहन्छु र आर्को बुंदा नं.१७८ मा खानीपानीको सन्दर्भ छ यसमा एक घर एक धारा भनिएको छ धन्दैधन्दै हाम्रो यो सन्दर्भमा म के आग्रह गर्न चाहन्छु भने विगत वर्षमा पनि हामीहरुले थुप्रै खानेपानीका योजनाहरु समावेश हाम्ले पेश गरेका थियौं। तर माननीय सांसदहरुले पेश गरेका योजनाहरु एउटा पनि नपर्नि अनि यो खानीपानीका धारा एक

धारा एक घरमा जडान गर्न प्रदेश सरकारले आफैले नेतृत्व लिएर माननीय सदस्यहरुलाई भुमिकाविहिन गराउन खोज्नु भाको होकी माननीय सदस्यहरुको भुमिकाबाट पनि तेलाई हाम्ले लक्ष्यमा पुर्याउन सकिन्छ त्यो कुरोलाई पनि कमसेकम यस पालिको जुन माननीय सदस्यहरुले योजना पेश गर्नु भाको छ तेलाई समावेश गराउन गर्न वातावरण सिर्जना भयो भने वल्ल त्यो एक घर एक धाराको लक्ष्य पुरा हुनेछ भन्ने मैले ठानेको छु । जुन यो बुंदा नं।१०२ छ गिटि, बालुवा, ढुङ्गाका सन्दर्भ छ यलाई अनुगमन नियमन गरिन्छ भनिएको छ र यलाई कडाइ गरिन्छ भनिएको छ। तर मलाई लाग्छ मैले पटकपटक राख्ने गरेको छु यो सन्दर्भमा जवसम्म हाम्ले यलाई की हाम्ले अहिले सम्म बनाएको नियम कानूनलाई कडाइका साथ लागु गर्न सक्न पर्यो कि भने यलाई पुनर्विचार र संशोधन गरेर आगामी दिनमा त्यसबाट तेलाई कानूनको दायरामा ल्याएर हाम्ले त्यो कर र राजश्व संकलन गर्ने वातावरण सिर्जना गर्नु पर्यो। अहिले सम्म हाम्रो गिटि, बालुवा, ढुङ्गाबाट धैरै राजश्वहरु हामीले हाम्ले उठाउन नसकेको अवस्था छ तिनिहरुलाई कानूनको दायरामा ल्याउन नसकेको अवस्था छ। त्यसले गर्दाखेरीमा यसमा अनुगमन नियमले मात्रै पुग्दैन यलाई हाम्ले कानूनले संशोधन परिमार्जन गरेर हाम्ले कानूनको दायरामा ल्याएर यो उद्योगहरुलाई व्यवस्थित र संचालन गर्नको लागि पनि आगामी दिनमा यो नीति र कार्यक्रमले मदत पुर्याओस भन्ने म आग्रह गर्न चाहन्छु र आर्को यो जुन १४९ मा छ स्वास्थ्य बिमाको सन्दर्भमा यो स्वास्थ्को कुरामा अहिलेको समस्या भनेको सरकारी हस्पिटलमा गयो भने भनेको वेलामा उपचार नहुनी प्राइभेट हस्पिटलमा गयो भने उपचार गर्न नसक्ने अवस्थाहरु छ। त्यसकारणले गर्दाखेरीमा अव यो स्वास्थ्य बिमामा सवैलाई बिमाको स्वास्थ्य बिमा गर्ने वातावरण सिर्जना गर्नु पर्यो र एकदमै विपन्न समुदायको जुन हाम्ले परिचयपत्र बनाएर अथवा हाम्ले तलाई तथ्याङ्क लिएर उनीहरुलाई निशुल्क स्वास्थ्य बिमाको बातावरणको सिर्जना गरेर स्वास्थ्य जीवन बांच्नको निम्ति त्यो बातावरण सिर्जना गर्नका लागी पनि म आग्रह गर्न चाहन्छु र आर्को कुरा जुन यहां छुवाछुत विभेदको कुराहरु पनि यहां उल्लेख गरिएको छ र दलित समुदायहरुको लागी पनि यहां भनिएको छ। सवै महिला विपन्न समुदायको लागी पनि यहां थुप्रै उल्लेखहरु भाको छ। तर विगत वर्षमा पनि लक्षित र विपन्न वर्गहरुको लागी भनेर कार्यक्रममा त्यसमा उल्लेख भाको थियो तर वजेट शुन्य रह्यो । अहिले पनि यो नीति र कार्यक्रम मात्रै आउने होकी यो वजेटको पनि व्यवस्था हुन्छ यो कुरा मैले बुझेको छैन। त्यसकारणले गर्दाखेरिमा यसमा एकदम न्यायोचित ढंगबाट वजेटको पनि व्यवस्था होस भन्ने म आग्रह गर्न चाहन्छु र आर्को कुरा म यसमा के जोडन चाहन्छु भने जवसम्म कृषिका कार्यक्रम उत्पादन र जुन जुन आर्थिक अवस्थालाई मजबुत बनाउने सन्दर्भ छ अहिलेको कृषि कार्यक्रममा त्यहां हाम्रा उहरु बने जुन कार्यविधि बने त्यसमा कार्यविधि बन्दाखेरी दलित विपन्न वर्गका र पिछडिएका समुदायको कुनै पनि त्यसमा उल्लेख नगरिएको कारणले अहिले एकजना सम्म पनि मलाई थाहा भएको सम्म हुनत म त्यसको पनि अनभिज्ञ पनि हुनसक्छु तर त्यस्तो वास्तवमा विपन्न र दलित समुदायहरुले त्यो कार्यक्रमबाट लाभान्वित भएको अवस्था हाम्ले बुझेका छैनौं त्यसकारणले गर्दाखेरिमा पनि जति हाम्ले भन्दा हाम्ले कुरा गरेका छम तर त्यो व्यवहारमा कार्यान्वयन हुन सकेको छैन भन्ने मलाई लाग्दछ। जव सम्म एम।वि।वि।एस। पढने छात्रबृत्तिको सन्दर्भ छ। उपलब्ध गराउने सन्दर्भ छ। वास्तवमा हाम्रो संविधानले व्यवस्था गरे अनुसारबाट यो छनौट गरेर दलित सवै दलितहरुलाई संविधानले व्यवस्था गरेको चिज प्रावि देखि लिएर उच्च शिक्षा सम्म जबसम्म छात्रबृत्तिको व्यवस्था गरेको छ भन्ने लाग्दैन त्यसले गर्दाखेरीमा सवै दलितहरुले छात्रबृत्ति निशुल्क पढने बातावरण सिर्जना गर्नु पर्छ भनेर विशेष गरेर एम.वी.वि.एस.पढनेलाई प्राथमिकताको आधारमा उनिहरुले छात्रबृत्ति पाउनु पर्छ भन्ने म आग्रह गर्न चाहन्छु र अर्को जुन १६६ नं.मा छ करको दायरको कुरा करमा हाम्ले कमसेकम हाम्ले जुन हाम्ले उद्योगलाई फराकिलो बनाएर उद्योग र व्यवसायलाई फराकिलो ढंगबाट लाने र करलाई हामीले न्यन गरेर कमसेकम सवैले कर तिर्ने वातावरण सिर्जना गर्नको लागी पनि यो यो हाम्रो नीति र कार्यक्रममा समावेश गरियोस भन्न आग्रह गर्न चाहन्छु जवसम्म जनताआवासको कुरा छ यसलाई बढाउने भन्ने कुरा छ। तर चाहीं यसमा एकदम बढि तर छनौट गरेर विपन्न भन्दा बिपन्न र दलित समुदायलाई प्राथमिकता राखियोस भन्ने पनि म आग्रह गर्न चाहन्छु । आर्को कुरा जुन यो भ्रष्टाचारको १७७ मा जुन भ्रष्टाचार गर्दिन पनि गर्दिन र गर्न पनि दिन्न भन्ने कुरा ज्यादै महत्वपूर्ण र कुरा गर्दा ज्यादै मिठो छ । ज्यादै राम्रो छ । तर यसको कार्यान्वयन पक्षमा जान सक्ने अवस्था छ कि छैन

किन भन्दा म अहिलेको मात्रै उदाहरण ज्वलन्त उदाहरण दिन चाहन्छु। हाम्ले अर्थ विकास समितिले भन्यौं अब यो १५ दिन बांकि छ । रकमान्तर गर्न हुंदैन यो रकमान्तर गर्यो भने यसमा अनियमितता हुन्छ भ्रष्टाचार हुन्छ बेलामा काम सकिंदैन हाम्ले अर्थ समितिले त्यो सुझावहरु दिएको थिएम। तर असार यो एक महिना पनि १५ दिन बांकि रहंदा पनि रकमान्तर हुनुको कारण के भने यो भ्रष्टाचारलाई बढावा दिन खोजिएको भन्ने लाग्छ । त्यसकारणले गर्दा यस्ता खालका कार्यक्रमहरुमा हाम्ले भन्नै मात्र हुंदैन यलाई कार्यान्वयन पक्ष र कडाइका साथ लान सकियो भने मात्रै हाम्रो यो नीति र कार्यक्रम र प्रदेशले लिएको लक्ष्य पुरा हुन सक्छ भन्ने मलाई लाग्दछ र आर्को कुरा जवसम्म यो हाम्ले पटकपटक उठाउंदै आएम हामी सम्पूर्ण सांसदहरुको समान हैसियत हो तेले गर्दा समान ढंगबाट हाम्ले त्यो सम्मान पाउनु पर्छ भन्ने कुरा राखेम तर अहिले फेरी घुमाइफिराइ निर्वाचन क्षेत्र विकास कार्यक्रम भनेर त्यही ढंगले लगेर फेरी विभेद गरेर दलित केरे यो सांसदहरुलाई फेरी क र ख को वर्गमा राख्न खोजिएको छ। यो कुरा नगर्नुस तपाइहरुलाई समान हैसियतबाट कमसेकम त्यो सांसदहरुको महत्वपूर्ण भुमिका निर्वाह गर्नको निम्ति पनि कमसेकम यो नीति र कार्यक्रमले त्यो तिर व्यवस्थित गर्न सकोस र यो प्रदेशले जुन उद्देश्य र लक्ष्य छ त्यो लक्ष्य पुरा गर्नको निम्ति हामी सवैको महत्वपूर्ण भुमिका रहन्छ र सकारात्मक कुराको निम्ति प्रतिपक्षि दल जहिले पनि सकारात्मक रहन्छ र नकारात्मक विषयमा सरकारलाई कमसेकम घच्घच्याउने र गलत बाटामा हिंडन खोजेको छ भने सहि बाटामा हिंडनको लागी पनि आग्रह गर्ने प्रतिपक्षिको कर्तव्य हो । तेलाई अन्यथा नठानियोस यिनै कुराको निवेदन राख्दै विदा हुन्छु। धन्यवाद जय नेपाल ।

## माननीय सभामुख

माननीय सदस्य सावित्री रानालाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय सावित्री रानाः

माननीय सभामुख महोदय, सर्वप्रथम मुलुक र नेपाली जनतालाई यहांसम्म यो अवस्थामा ल्याइ पुर्याउनका लागी समयको विभिन्न काल खण्डमा जीवन उत्सर्ग गर्नु हुने ति महान सहिदहरु प्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु । सभामुख महोदय, जेठ २४ गते माननीय प्रदेश प्रमुख बाबुराम कुंवरद्धारा प्रस्तुत आर्थिक वर्ष ०७६।७७ को गण्डकी प्रदेश सरकारको नीति कार्यक्रमको छलफलको चरणमा छौं। गत वर्षको नीति कार्यक्रमको आलोकमा भएको नविनतम कामको फेहरिस्त समिक्षा र आगामी कार्ययोजनको केही विगतको निरन्तरता सहित यो नीति कार्यक्रम आएको छ । सरकारले अत्यन्त मेहनत र दुरगामी सोचका साथ समृद्ध प्रदेश सुखी जनताको ध्येयलाई आत्मासात गर्दै सवै विषय र क्षेत्रलाई समेटेर ल्याएको छ । झट्ट हेर्दा लाग्छ लाग्न सक्छ कार्यक्रम धैरै र महत्वकांक्षी जस्तो एउटा भनाई छ उद्देश्य लिनु उडि छुनु चन्द्र एक मलाई लाग्छ यो युक्ति सवै प्रतिपक्ष र सत्तापक्ष सुवैले आत्मासात गर्ने थ्यौरी हो मैले यसरीनै बुझेको छु। नीति कार्यक्रम प्रदेशको धरातलीय पृष्ठ भुमि जैविक विविधता आवश्यकता र औचित्यतामा आधारित रहेर यो सवै तहका जन समुदायले बुझ्ने गरी प्रष्ट र सवल भाषामा आएको छ। नेपालको संविधानले सुत्रपात गरेको संघिय शासन प्रणाली प्रभावकारी कार्यान्वयन नागरिकको हक, अधिकारको रक्षा, आर्थिक विकास र समृद्ध लोकतान्त्रिक गणतन्त्रको रक्षा संविधानको पूर्ण कार्यान्वयन लोकतन्त्रका आधारभुत मुल्य र मान्यता विधिको शासन मौलिक हक र कर्तव्य सम्वन्धि संवैधानिक व्यवस्थाको कार्यान्वयनमा गण्डकी प्रदेश सरकार खरो उत्रने छ हाम्रो विश्वास हो। सभामुख महोदय, गण्डकी प्रदेश सरकार आफ्नो स्थापनाको पहिलो वर्ष वामे सर्दै गर्दा संवैधानिक व्यवस्था बाहेक टेक्ने र समात्ने कुनै पनि संरचना थिएनन् जिरोबाटै शुरु गरेर प्रदेश सभा र सरकार संचालन हुने ऐन कानून कार्यविधि र भौतिक संरचना व्यवस्थापन गर्दै सिमित साधन श्रोत सिमित कर्मचारी परिचालन गर्दै अनेक प्रतिकुलताका बावजुद पनि प्रदेश सभाले गरेका महत्वपूर्ण कामहरु नीति कार्यक्रममा समिक्षाको रुपमा ल्याइएको छ। २५ वटा नियम ३वटा नियमावली ३ वटा गठन आदेश जारी भएका छन । त्यस्तै १४३ वटा कार्यविधि र निर्देशिका जारी भै कार्यान्वयनमा छन। केही सडक निर्माण र खानेपानी विजुली लगायतका महत्वपूर्ण

कामहरु प्रदेश सरकारले गर्न सफल भएको छ । म प्रदेश सरकारलाई हृदयको गहिराई देखि हार्दिक धन्यवाद दिन चाहन्छु। प्रदेशको प्रदेश सरकारको पहिलो वर्षको जगमा निर्माण भएको छ जग निर्माण भएको छ। अव विकासका निर्माण लगायत कामको गतिले तिव्रता पाउने छ । यो हाम्रो विश्वास हो। सभामुख महोदय प्रस्तुत नीति तथा कार्यक्रमले प्रदेशको सन्तुलित समन्यायिक र समावेशी विकास र समृद्ध हासिल गरी समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षालाई आत्मसात गरेको छ । समृद्ध प्रदेश र सुखी नागरिक निर्माण गर्ने ४ वर्ष भित्र गरिवी १४.२ प्रतिशतबाट ७ प्रतिशतमा झार्ने र प्रदेशको वार्षिक औसत आर्थिक वृद्धिदर १०.२ प्रतिशतले बृद्धि गर्ने लक्ष्य सरकारको नीति तथा कार्यक्रममा आएको छ । यो अत्यन्त महत्वपूर्ण छ सभामुख महोदय । पर्यटनको पूर्वाधारको विकास गर्दै गण्डकी प्रदेशको प्रदेशलाई पर्यटनको हव पोखरालाई पर्यटनको पर्यटकीय जननीको रुपमा विकास गर्ने कुरा महत्वपूर्ण छ ।विद्युत खपतमा बृद्धि प्रदेशको समृद्धि भन्ने उद्देश्यका साथ विद्युतको विस्तार कार्यलाई निरन्तरता दिंदै तुरुन्त सेवा पुर्याउन नसकिने ठाउंमा लघु जलविद्युत तर्फ र सौर्य उर्जाको तर्फबाट गण्डकी प्रदेश उज्यालो प्रदेश बनाउने लक्ष्य महत्वपूर्ण छ सभामुख महोदय । कृषि क्षेत्रको आधुनिकिकरण, यान्त्रिकीकरण, व्यवसायीकरण र सिंचाइको सुनिश्चितता गरी उत्पादनमा बृद्धि गर्दै मुख्य मुख्य उत्पादनमा आत्म निर्भर हुने र पांच वर्षमा खाद्यान्न उत्पादन दोब्बर बनाउने लक्ष्यका साथ कार्यक्रम संचालन गर्ने महत्वपूर्ण उद्देश्य नीति कार्यक्रम आएको छ। बाली पशुपंक्षि तथा मत्स्य पकेट क्षेत्र विकासका लागि १ वडा १ नमुना व्यवसायिक कृषि कार्यक्रम र एक पालिका एक उत्पादन कार्यक्रम मुख्य जलवायु मैत्री जलवायु कृषि गाउं कार्यक्रम विस्तार गरी प्रभावकारी कार्यान्वयन गर्ने वित्तिय संस्थासंगको सहकार्यमा कृषकहरुलाई उद्यमशिल र आत्मनिर्भर बनाउन सहुलियत व्याजदरमा कृषि ऋण उपलव्ध गराउने व्यवस्था मिलाउने कुरा नीति कार्यक्रममा आएको छ । यि सवै कार्यक्रमहरु महत्वपूर्ण छन। व्यवस्थित वसोबास र भुमि व्यवस्थाका लागि भु- उपयोगका विभिन्न क्षेत्रहरु कृषि बसोबास व्यवसायिक अभिबृद्धि र सार्वजनिक जग्गाको नक्साङ्कन गर्ने, जग्गाको चक्लाबन्दि गर्ने, जग्गा लिजमा लिने दिने जस्ता भुमि व्यवस्थापन सम्वन्धि नीति र कानूनी तथा संस्थागत व्यवस्था अति महत्वको विषय नीति कार्यक्रममा समेटिएको छ । भूमिहिन सुकुम्वासीको तथ्याङ्क संकलन गरि तीन तहका सरकारको समन्वयमा जिविकोपार्जन र सामाजिक संरक्षणको कार्यक्रम संचालन गर्ने अव्यवस्थित वसोबासलाई व्यवस्थित गर्ने एकिकृत वस्ति विकास गर्ने नीति लिने कुरा समाज समाजमा विकास पुर्याउनका लागी सहजता थपिने छ । सभामुख महोदय हाम्रो जस्तो छरिएर रहेको वस्ति विकास वस्तीमा विकास पुर्याउन जटिल भैरहेको वेला एकिकृत वस्ति विकासले विकासमा सहजता थप्ने छ।मैले यो विश्वास लिएको छु। सरकारलाई उत्पादनमा जोडने सहकारीलाई उत्पादनमा जोडने नीति अनुसार एक सहकारी एक उत्पादन एक स्थानिय तह एक उद्योग्राम स्थापना गर्ने यसले गाउं र शहरी क्षेत्रमा रोजगारीको सिर्जना गर्ने प्रदेशस्तरका औद्योगिक क्षेत्र स्थापना गर्ने कुरा नीति कार्यक्रममा आएको छ। उद्योग संचालनले रोजगारीको सिर्जना गर्ने प्रदेशभित्रको वन क्षेत्रभित्र रहेका जडिबुटि र जैविक विविधताको अनुसन्धान र संरक्षण र व्यवस्थापन जलवायु परिवर्तनका कारणले सिर्जित नकारात्मक असर न्युनीकरण गर्न स्थानिय तहसंगको सहकार्यमा जलवायु अनुकुल कार्य योजना कार्यान्वयन गर्ने प्रदेशमा जडिबुटि जन्य उद्योगको स्थापना स्थानिय जडिबुटिको पहिचान संरक्षण प्रशोधन तथा प्रयोगका बारेमा जनचेतना अभिबृद्धि गरि जडिबुटि सम्वन्धि परम्परागत ज्ञान सिप र प्रविधिको अभिलेखिकरण गर्ने नीति कार्यकममा समेटिएको छ। यो अत्यन्त महत्वपूर्ण छ। सभामुख महोदय गुणस्तरिय भौतिक पूर्वाधार प्रदेश समृद्धिको आधार नीति अवलम्वन गर्दै प्रदेशको राजधानीबाट प्रदेशका सवै स्थानीयतहका केन्द्रलाई जोडने र सडकको स्तरन्नोति गर्ने पुल निर्माण गर्ने कुरा नीति कार्यक्रममा आएको छ । विकासको पहिलो आधार बाटो वस्तिहरुमा व्यवस्थित बाटो पुर्याउन सक्दा विकासका ढोकाहरु खुल्न सक्छन भन्ने मलाई लाग्छ। हामीले गाउं वस्तिमा उत्पादनलाई बृद्धि गर्ने बढवा दिने कुरा गरेका छौं। यसको निर्यातका लागि गाउं बाटो महत्वपूर्ण हो मलाई विगतको एउटा घटना सम्झना आयो। जैमिनिको एउटा गाउंमा विदेशबाट फर्केका युवाहरुले व्यवसायिक कुखुरा पालन गर्न लाग्नु भएछ। कुखुरा खुव राम्रो बनाउनु भएछ। राम्रो धैरै कुखुरा गाउंमा खपत भएन बजार ल्याउनको लागी बाटो भएन । उहांहरुले सुनाउंदै भन्नु हुन्थ्यो साठी दिन पछि ४० केजीका कुखुरा

१०० दिन पुग्दा आधा केजीका भएछन र सवै मरेछन यो विडम्वना हो । हाम्रो लगानी पनि स्वाहा भयो र मेहनत पनि स्वाहा भयो भनेर रियल कथा सुनाउदै हुनुहुन्थ्यो। बाटो गाउं वस्तिमा नपुग्दाखेरि वहांहरुले त्यसलाई वजारसम्म ल्याउन सक्नु भएन। यसर्थ यो त प्रतिनिधिमुलक घटना मात्र हो यसर्थ सवै उत्पादन र विकासको साथसाथै बाटो विस्तार गर्ने कार्य अति महत्वपूर्ण छ । एक घर एक धारा खानेपानी सुविधा नपुगेका सवै घरधुरीमा खानेपानी विजुली पुर्याउने कुरा सरकारको लक्ष्य प्रशंसनीय छ । सभामुख महोदय दक्ष जनशक्ति उत्पादन गर्न प्रदेश स्तरमा प्राविधिक शिक्षा र व्यवसायिक तालिम सम्वन्धि नीति र मापदण्ड बनाइ नियमन गर्ने सामुदायिक विद्यालयमा संचालित प्राविधिक तथा व्यवसायिक कार्यको गुणस्तर बृद्धि गर्न प्रोत्साहन गर्ने र उच्चस्तरिय दक्ष जनशक्ति उत्पादनका लागि गण्डकी प्रदेश विश्वविद्यालय स्थापना गरि संचालनमा ल्याउने नागरिक अधिकारको सम्मान गर्दै हरेक क्षेत्रमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चतता गर्दै आर्थिक र सामाजिक शसक्तिकरण गर्दै लैङ्गिक मुल प्रवाहीकरण तथा आधारभुत लैङ्गिक समानता कायम गर्ने कुरा नीति कार्यक्रममा आएको छ। यो व्यवहारिक रुपमा कार्यान्वयनका लागि सभामुख मार्फत प्रदेश सरकारलाई अनुरोध गर्न चाहन्छु। लैङ्गिक हिंसा छुवाछुत लगायतका विभेद र सामाजिक अन्धविश्वास कुरुतिको अन्त्यका लागि सामाजिक जागरण अभियान संचालन गर्दै लैङ्गिक उत्तरदायी वजेट तर्जुमा तथा बजेट कार्यान्वयन गर्ने नीति अवलम्वन गर्ने हिंसापिडित महिला तथा बालबालिकाको सहयोगार्थ सुरक्षा गृह निर्माण तथा सचेतनामुलक अभिबृद्धि कार्यक्रम संचालन गर्ने कुरा नीति कार्यक्रममा समेटिएको छ। मातृशिशु स्वास्थ्यमा सुधार ल्याउने र बाल मृत्युदर घटाउन प्रसुति तथा बाल अस्पतालको निर्माण गर्ने कुरा सवै कार्यहरु अत्यन्त महत्वपूर्ण छन यसर्थ यस कार्यक्रममा समेटिएका नीति कार्यक्रममा नआएका धेरै विषयवस्तु अत्यन्त महत्वपूर्ण छन । (सभामुख माननीय सदस्य समय सिद्धियो) यी नीति कार्यक्रमहरु व्यवहारिक रुपमा कार्यान्वयनमा जांदा यसले अत्यन्तै सुखी नेपाल समृद्ध प्रदेश सुखी जनता निर्माण गर्नका लागि र भोलिको त्यो समाजवादि आधारित स्तम्व तयार गर्नका लागि यो कोशेढुङ्गा सावित हुनेछ यसर्थ मैले यसलाई समर्थन गर्दै मेरा आफ्ना भनाईहरु यही अन्त गर्दछु । हवस्त नमस्कार अभिवादन ।

## माननीय सभामुख

माननीय सदस्य श्री प्रभा कोइरालालाई छलफलमा भाग लिन समय दिन्छ ।

**माननीय प्रभा कोइराला:**

सभामुख महोदय, गण्डकी प्रदेशको चौथो अधिवेशनमा गण्डकी प्रदेशका प्रमुख माननीय बाबुराम कुंवरले पेश गर्नु भएको आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम प्रस्तुत यस सभामा प्रस्तुत भैसकेको छ र यि विषयमा चर्चा परिचर्चा गर्न पाउंदा मलाई खुसी लागेको छ । सर्वप्रथमत म सामन्ति, निरंकुश, केन्द्रिकृत र एकात्मक शासुन प्रणालीको अन्त्य गरि संघिय लोकतान्त्रिक गणतन्त्रातमक शासन व्यवस्था स्थापना गर्न जीवन उत्सर्ग गर्नु हुने महान शहिदहरुप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु । शहिद, वेपत्ता तथा घाइते परिवार प्रति आदर प्रकट गर्दछु । जो घाइते हुनुहुन्छ वहांहरु प्रति शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । यो परिवर्तित आन्दोलनका सवै अग्रजहरुप्रति उच्च सम्मान गर्दछु । जसका कारण आज हामी यहां छौं । सभामुख महोदय दिन कस्तो हुन्छ भन्ने कुरा विहानीले सङ्केत गर्छ भनेझैं गण्डकी प्रदेशमा राजनैतिकै सहमतिका आधारमा हालसम्म २५ वटा ऐन ३ वटा नियमावली र ३ वटा गठन आदेश जारी भैसकेका छन । चालु आर्थिक वर्षका लागि विभिन्न कार्यक्रम कार्यान्वयन गर्नका लागी १४३ वटा कार्यविधि समेत सभाले पास गरिसकेको र कार्यान्वयनमा आइसकेका छन । संघियता माथिनै विभिन्न कोणबाट  खतरा भनिरहेको अवस्थामा संघियताको जग बलियो बनाउन सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा बसेको अन्तर प्रदेशीय परिषदले २९ बुंदे कार्य योजना बनाएर अगाडी बढेको यो परिवेशले पनि अब हामीलाई काम गर्ने वातावरण सिर्जना भएको अनुभुति गरेकि छु। मुख्यमन्त्री स्तरिय प्रथम बैठक मुख्य न्यायाधिवक्ताहरुको प्रथम सम्मेलन गण्डकी प्रदेशको राजधानी पोखरामा हुनुले पनि एउटा गतिलो संकेत दिएको

महसुस गरेकी छु। सभामुख महोदय गण्डकी प्रदेशको विकास र अग्रगतिका लागि आर्थिक विकासका सुचकहरुको अवस्था चित्रण गर्ने स्थिति पत्र र प्रथम पञ्च वर्षिय योजनाको आधार पत्र तयार गरेर अल्पकालिन र मध्यकालिन लक्ष्य समेत निर्धारण गरि सकेको अवस्थामा हामी छौं। सभामुख महोदय माननीय मुख्यमन्त्री ज्यूको नेतृत्वमा गण्डकी प्रदेश र हाइनान प्रान्तवीच भगिनी सम्वन्ध स्थापना गरि गण्डकी गाई पालन तथा अनुसन्धान केन्द्र स्थापना, एक निर्वाचन क्षेत्र एक सडक,एक घर एक धारा आवश्यकता अनुसारका नाला सहितका सडक नदि नियन्त्रण विभिन्न नयां सिंचाइ सुविधा दुइ वर्षभित्र उज्यालो प्रदेश घोषणा राष्ट्रिय प्रशारण लाइनमा जोडने कार्यले आफै महत्व बोकेको छ। नागरिक अधिकारको सम्मान, सामाजिक सुरक्षामा सरकारको ध्यान भन्ने उदघोषका साथ सरकारले अगाडी बढाएका यि कार्यक्रमहरु आफैमा महत्वपूर्ण रहेको महसुस गरेकि छु। जनतासंग मुख्यमन्त्री, टेलिभिजन कार्यक्रम, हेलो मुख्यमन्त्री कक्ष, जलवायू मैत्री नमुना गाउं, कृषि सूचना प्रभावकारी बनाउन मोबाइल एप तयार गरेको छ। प्रदेश भित्रका पर्यटकिय गन्तव्य समेटि सचित्र पुस्तक प्रकाशन भैसकेको छ। विभिन्न ताल, पोखरी, कुण्डहरुको संरक्षण विकास र सौन्दर्यीकरणका लागी ताल संरक्षण विकास प्राधिकरण ऐन जारी भैसकेको छ। सभामुख महोदय नीति तथा कार्यक्रमले समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकाङ्कक्षा पुरा गर्न समृद्ध प्रदेश र सुखी नागरिक निर्माण गर्ने दिर्घकालिन योजनाले आगामी ४ वर्ष भित्र बहुआयामिक गरिवी घटाउने योजना समेत बनिसकेको छ। समृद्धिको आधार पर्यटनको पूर्वाधार जनसरकारको महसुस जनताले गर्ने गरि प्रदेश सरकारले गण्डकी प्रदेशभित्र धार्मिक स्थलहरुको पहिचान गर्न र छिमेकी आकर्षण बढाउन अन्तराष्ट्रिय पर्यटन वर्ष अभियान संचालन गरी २० लाख पर्यटन २०२२ सम्म भित्र्याउने हवाइ हव, मुस्ताङ्ग,मनाङ र गोर्खालाई फिल्म सिटि बनाउने, डिजिटल पर्यटन कार्यक्रम संचालन गर्ने, विश्वको प्रमुख भाषामा वेभ पोर्टल निर्माण गर्ने कार्यक्रमहरुले पर्यटन हव गण्डकी प्रदेश हुनेमा कुनै शंका छैन । विद्युत खपतमा बृद्धि, प्रदेशको समृद्धि, खाद्य वस्तुमा सुद्धता प्रदेश सरकारको प्रतिवद्धता जस्ता महत्वपुर्ण विषयहरुले आज प्रदेशवासीहरुमा गौरव महसुस भएको मैले पनि महसुस गरेको छु। एक वडा एक नमुना व्यवसायिक कृषि कार्यक्रम, एक पालिका एक उत्पादन कार्यक्रम, मुख्यमन्त्री जलवायू मैत्री नमुना कृषि गाउं कार्यक्रम, एक पालिका एक सित भण्डार, एक पालिका एक कृषि बजार, एक वडा एक कृषि उपज संकलन केन्द्र कार्यक्रमले कृषि क्षेत्रको जग बस्ने महसुस गरेको छु। आलीदेखि थालीसम्म शुद्ध र स्वच्छ खाना, बधशालादेखि भान्छाघर सम्म शुद्ध र स्वच्छ मासु, गोठदेखि ओठसम्म शुद्ध दुध कार्यक्रमलाई प्रभावकारी बनाइ अघि बढने योजना महत्वपूर्ण छन्। अर्गानिक कृषि उपज प्रयोगशाला विभिन्न ठाउंमा कोल्ड रुमहरु स्थापना गरी प्रदेशको उत्पादनमा बढावा दिने कार्य च्याउ सुपरजोनका रुपमा विकास गर्ने अवको अवस्था व्यवस्थित बसोबास र भुमि व्यवस्थाले भूमिहिन सुकुम्वासी पहिचान गर्ने योजना बनाउनेले राम्रो विशेष समेटेको महसुस गरेको छु। राज्यले अवलम्वन गरेको सरकारी नीजि र सहकारी विषय एक सहकारी एक उत्पादन मार्फत सहकारी खेति प्रणालीको विशेष महिला सहकारी संस्थाहरुको सुदृढिकरण गर्ने विषय आफैमा गौरवको विषय बनेको छ। उत्पादन र उत्पादकत्व बृद्धि प्रदेशको समृद्धि यो अभियानलाई बढावा दिने नीति आफैमा जन उत्तरदायी छ। प्रदेशको दिगो आर्थिक विकास गर्न, उद्योग, व्यापार तथा व्यवसाय संचालन एवं लगानी मैत्री वातावरण सृजना गरि आर्थिक विकासलाई तिव्रता दिन सार्वजनिक, नीजि र सहकारी समेत रहेको प्रदेश व्यवसाय मंच बनाएर अगाडी बढाउंदै गर्दा सहकारी महा विश्वविद्यालयको स्थापना गर्ने जरुरी मैले देखेको छु। वैज्ञानिक व्यवस्था सहितको हरियो वन, स्वच्छ वातावरण, स्वच्छ जीवन जलवायू अनुकुलित प्रदेश सुशासन र समृद्धि विज्ञान र प्रविधि, गुणस्तरीय भौतिक पूर्वाधार प्रदेश समृद्धिका आधार, एक घर एक धारा प्रदेश समृद्धिको आधार समृद्धिको लहर, आधुनिक व्यवस्थित शहर, प्रदेशको धन दक्ष जनशक्ति उत्पादन, खेलकुदको सम्मान प्रदेशको पहिचान, भाषा संस्कृतिको सम्मान गण्डकी प्रदेशको नागरिक अधिकारको शान सम्मान, सामाजिक सुरक्षामा सरकारको ध्यान, लैङ्गिक हिंसा विरुद्ध शुन्य सहनशिलता, वालमैत्री, स्थानिय तह घोषणा, प्रदेश शक्ति स्वच्छ जनशक्ति, स्वास्थ्य नीति स्वास्थ्य विषय, जेष्ठ नागरिक, अपाङ्ग र बालवालिका लागी सुरक्षित व्यवस्थापन प्रदेश स्वास्थ्य आपूर्ति भण्डार प्रदेश स्वास्थ्य आयुर्वेदिक अस्पताल, भ्रष्टाचारमुक्त समाज विभिन्न प्रकारका विपद व्यवस्थापन गर्दै

पर्यटन उद्धार कार्यक्रम समेत गर्ने योजनाले यो सरकार जनप्रिय बन्ने छ भन्ने भन्दै यो सरकारले पेश गरेको नीति तथा कार्यक्रम मेरो तर्फबाट र मेरो पार्टिको तर्फबाट हार्दिकतापूर्वक सम्मान र समर्थन गर्दै मेरो भनाइ यहिं अन्त गर्छु। धन्यवाद नमस्कार ।

## माननीय सभामुख

माननीय सदस्य श्री चन्द्र बहादुर बुढालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय चन्द्र बहादुर बुढाः**

माननीय सभामुख महोदय, यति बेला हामी प्रदेश सरकारको आर्थिक वर्ष २०७६।७७ को २०३ बुंदे नीति तथा कार्यक्रम सम्मानित सदनमा प्रस्तुत भै छलफलमा छौं। सर्वप्रथमत प्रस्तुत नीति तथा कार्यक्रम प्रदेश सरकारको मुल उद्देश्य र प्रतिवद्धतासंग अन्तर सम्वन्धि छ र विगतको समिक्षा सहित प्रदेशको नीति प्रदेशको स्थिति पत्रमा आधारित बस्तुवादि ढंगले आएकोमा सरकार प्रति धन्यवाद सहित नीति तथा कार्यक्रम प्रति मेरो पूर्ण समर्थन व्यक्त गर्न चाहन्छु। साथै सल्लाह सुझावबाट थप परिस्कृत हुने विश्वास समेत व्यक्त गर्दछु। सभामुख महोदय, विगतमा प्रदेशको सम्भावना, चुनौती अवसर बारे सदनमा प्रयाप्त छलफल गरेका छौं। आर्थिक वर्ष २०७५।७६ को नीति तथा कार्यक्रममा हामीले निश्चित उद्देश्य र प्रतिवद्धता सहित प्रादेशिक नीति तथा संरचना निर्माण वर्ष भनेका थियौं। कार्य सम्पादन अपेक्षाकृत हुन नसकेता पनि प्रदेश सरकारले महत्वपूर्ण उपलव्धि हासिल गरेको छ। प्रदेशको विकास, समृद्धि र सुशासनको निम्ति चालेका स्टेपहरुले समृद्ध  प्रदेश र सुखी नागरिकको आधार तयार गरेको छ । समृद्ध नेपाली सुखी समृद्ध नेपाल सुखी नेपालीको अभियानलाई सार्थक तुल्याउने एउटा आधार स्तम्भ खडा भएको छ । यद्धपि हाम्रा अगाडी केही सिमा समस्याहरु छन । हाम्रा अगाडी देखा परेका यि सिमा समस्याहरुलाई हाम्ले निराकरण गर्न जरुरी छ । हामीले अधिकार संरचना र संगठन प्राप्त गर्यौं । एकल र साझा अधिकार सुचीको आधारमा प्रदेश सरकार सुदृढ र संस्थागत हुने प्रकृयामा छ । तर एकातिर कतिपय नीतिगत जटिलताहरु छन हाम्रा भने अर्कोतिर कहिंन कहिं गलत टेन्जेन्सी मुखरित हुन खोजीराखेको छ । हाम्रो सोच र तरिकाहरु परम्परावादी छन्।सुशासन सम्वन्धि सुन्य सहनशिलताका सहनशिलता अवलम्वन गर्ने प्रतिवद्धता प्रति कैयौं प्रश्नहरु छन । यहि मर्मबोधका साथ उपलव्धिहरुको संस्थागत र चुनौतीहरु प्रति निर्मम ढंगले सामना र हल गर्ने मुल स्प्रिटका साथ प्रस्तुत नीति तथा कार्यक्रम आएको अनुभुति भएको छ। हामी विश्वस्त छौं नीति तथा कार्यक्रम, मर्म, भावना, उद्देश्य, योजना र कार्यक्रम तथा कार्य सम्पादनमा व्यक्त हुनेछन। सभामुख महोदय यतिवेला परिवर्तनको संस्थागत विकासको प्रकृयामा छौं। इतिहास सांक्षी छ दशवर्षे जनयुद्धको जगमा ०६२।६३ को जन आन्दोलनबाट सामन्ति, निरकुंश र केन्द्रिकृत एकात्मक शासन प्रणालीको अन्त्य गरि संघिय लोकतान्त्रिक गणतन्त्र प्राप्त गरेका छौं। नेपाली जनताको गौरवपूर्ण इतिहासलाई कसैले न्यनिकरण गर्ने छुट छैन। इतिहासको मुल्य वोध नगरिकन समृद्धिका संवाहक बन्न सक्दैनौं। यसर्थ प्रस्तुती र प्रशिक्षण कार्यक्रममा केही बुंदाहरुमा थप सुझाव राख्न म सान्दर्भिक ठान्दछु। बुंदा नं.२ शामन्ति निरंकुश केन्द्रिकृत र एकात्मक शासन प्रणालीको अन्त्य गरी संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनार्थ थप गर्नु पर्ने जनयुद्ध जनआन्दोलन र मधेश आन्दोलनको क्रममा त्यसपछि जीवन वलिदान गर्नुहुने शव्द बुंदा नं.२ मा थप्नु पर्ने मैले सुझाव राख्न चाहन्छु र बुंदा नं. ८ देखि २८ सम्म प्रदेश सरकारको एक वर्षे कार्यकाल कार्य सम्पादनको यथार्थपरक समिक्षा गरिएको छ। यसले ऐतिहासिक भुमिकाको संस्थागत गर्ने विधिको विकास गरेको छ। केहि समस्या र प्रतिकूलता बारे केहि नीतिगत कानूनी र बुझाइमा समस्याहरु छन त्यसलाई लिपिबद्ध गर्न म विशेष आग्रह गर्न चाहन्छु। बुंदा नं. २३ देखि ४३ योजनाको प्राथमिकता मध्ये पहिलो पर्यटनमा जोड दिएको छ। प्रदेशलाई पर्यटन हव र पर्यटकिय राजधानी पोखराको घोषणा गरिएको छ। आन्तरिक पर्यटन वर्ष, छिमेकी पर्यटन वर्ष, अन्तराष्ट्रिय पर्यटन वर्षको लक्ष्य लिएको छ। यद्यपि प्रदेश पर्यटन नीति नहुंदाखेरी केही समस्याहरु जरुर देखा परेका छन । त्यसो भएको हुनाले प्रदेश पर्यटन नीति आवश्यक छ। जसले पर्यटन सम्वन्धि बुझाइ र सम्भाव्यता अध्ययनमा सहयोग पुग्ने विश्वासका साथ थप गर्न अनुरोध गर्न चाहन्छु। यसले हिमालय आरोहण लगायत अन्य ढोकाहरु खोल्नेछ

त्यसमा विशेष ध्यान पुग्नेछ भन्ने कुरामा म विश्वास लिएको छु। बुंदा नं. ४४ देखि ४७ सम्म उर्जा सम्वन्धि व्यवस्था गरिएको छ। गण्डकी प्रदेश उज्यालो प्रदेशलाई सार्थक तुल्याउन प्रदेश मातहत नीतिगत कानूनी र संरचनाको व्यवस्था गर्न आवश्यक छ। हामीले केही समस्याहरु उर्जा सम्वन्धि हामीले देखेका छौं र त्यसमा विशेषत यो जल माफियाहरुको निरुत्साहित गर्ने गरि र यहांको श्रोतलाई सहि ढंगले उपयोग गर्ने गरि नीतिको व्यवस्था गर्न आवश्यक छ भन्ने म यसमा राख्न चाहन्छु र बुंदा नं.४८ देखि ९० र १८४ देखि १७८ सम्म यो अत्यन्त महत्वपूर्ण कुराहरु नीति कार्यक्रममा आएको छ यसले विशेषत ४८ देखि ९० सम्म कृषि, सहकारी, भुमि, उद्योगसंग सम्वन्धित विषयहरु व्यवस्था गरिएको छ। उत्पादन र उत्पादकत्व बृद्धि रोजगार सिर्जना गरिवी निवारण तथा समृद्धि र आत्म निर्भर लक्ष्य राखिएको छ। समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय अभियानलाई सार्थक तुल्याएको छ र यसले मुख्यत हाम्रो शत्रु गरीवी हो भन्ने कुरालाई यसले इंगित गरेर यसको समाधानको एउटा विधि सहित नीति कार्यक्रममा प्रस्तुत भएको छ। त्यस्तै गरेर १८४ देखि १७८ सम्म यो सुशासन सम्वन्धि केही नीतिगत कुराहरु आएको छ यसलाई भ्रष्टाचार गर्दिन गर्न पनि दिन्न भन्ने यो वाक्यांश सहित यो नारा सहित जसरी आएको छ यसले सायद हाम्रो यो हाम्रो प्रदेशको प्रमुख बाधक, हाम्रो प्रमुख शत्रु यो भ्रष्टाचार र गरिवी अन्त्य गर्ने एउटा आधारस्तम्भ खडा हुने छ भन्ने मैले विश्वास लिएको छु र बुंदा नं.१८९ देखि १९० सम्म यो विपद व्यवस्थापन र राहत व्यवस्थापनको महत्वपुर्ण कुरा यहां राखिएको छ र यसमा अहिलेसम्म हामीले यो चालु वर्षमा यो विपत व्यवस्थापन र राहत सम्वन्धि हामीले अलि महत्वपुर्ण हुंदाहुंदै पनि यो अलि खडकिएको विषय थियो। अहिले नीतिगत रुपमा ठोस गर्ने कुरा आएको छ म यसलाई विशेष ढंगबाट यसले सार्थकता पाउने छ भन्ने म विश्वास लिएको छु। त्यस्तै गरेर प्रदेश गौरवका योजनाहरु लगायत अन्य विषयगत सवालहरुमा स्पष्ट मार्गचित्र सहित प्रस्तुत नीति तथा कार्यक्रममा गरिएको छ। सम्वन्धित मन्त्रालयको कार्य सम्पादन पारदर्शि र जवाफदेहि हुने गरि योजना सम्पादन हुनेमा म विश्वास लिएको छु। सभामुख महोदय, अन्तमा हामीले विनियोजन विधेयक ७६ को सिद्धान्त र प्राथमिकता उल्लेख भए अनुसार हामीले सांसदहरुको भुमिकालाई सुनिश्चित गर्ने कुरामा नीतिगत कुराहरु यहां उल्लेख हुनु जरुरी थियो त्यो छुटेको महसुस भएको छ। यसमा थप्न म सुझाव दिन चाहन्छु र त्यस्तै गरेर प्रदेश सरकारको प्रतिबद्धता र नीति सुस्पष्ट छ नीति तथा कार्यक्रम मार्फत समृद्ध प्रदेश र सुखी नागरिक निर्माण गर्ने एउटा आधारस्तम्भ खडा भएको छ। सरकारको विकास समृद्धि र सुशासनका लक्ष्यहरु पुरा हुनेछन नीति तर्जुमा देखि कार्यान्वयनसम्म जांदा पारदर्शिक जाव्दिक र नतिजामुलक बनाउन जरुरी छ। दिगो विकास लक्ष्यका आधार स्तम्भ जनता पृथ्वी शान्ति र समृद्धिलाई केन्द्र मानी नीति योजना कार्यक्रम र वजेटको तर्जुमा र कार्यान्वयनको प्रतिवद्धता व्यक्त गरिएको छ। हामीमा केहि कतै विभेद र उत्पिडनको महसुस हुने छैन योजना तथा वजेट तर्जुमा कार्यक्रम छनौट हुने महसुस हुनेगरी योजना तथा वजेट तर्जुमा र कार्यक्रम छनौट हुने छैन आवश्यकता र प्राथमिकताको आधारमा वजेट तर्जुमाको तर्जुमा हुनेछ र हामीले हाम्रो छलफलमा उठने गरेको छ कहिंकतै हामीले यो गण्डकी प्रदेशको कुनै पनि भूगोललाई हामीले यो कर्णालीको गुन्ज्यास हुने छैन भन्ने कुरा हामीले विगतदेखि छलफल चलाएका छौं त्यो अहिलेको यो नीति कार्यक्रमद्धारा त्यसको सहि ढंगले सम्बोधन सबैमा समानुपातिक ढंगबाट हुनेछ भन्ने म विश्वास व्यक्त गर्न चाहन्छु र अन्तमा हाम्रो यो नीति कार्यक्रम प्रस्तुत भैरहंदाखेरि हामीले मुख्य गरेर नीतिगत कुराहरुलाई कार्यान्वयन गर्ने आधार भनेको हाम्रो योजनामा व्यक्त हुने कुरा छ योजनमा व्यक्त हंदाखेरि मैले यहां विश्वास गर्नै पर्छ र अहिलेको सरकारले लिएको नीति कार्यक्रम अहिले जसरी हामीले लक्षित निश्चित लक्ष्य निर्धारण लिएर अगाडी बढने कोशिश गरेका छौं यसले सार्थक पाउने छ । यहि मानेमा म यो नीति कार्यक्रमको पूर्ण समर्थम मेरो व्यक्तिगत र दलको तर्फबाट व्यक्त गर्दै म आफ्नो भनाइ अन्त गर्छु। हवस्त धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री रोशन गाहा मगरलाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय रोशन गाहा मगरः**

सभामुखज्यू आज हामी गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष ७६र७७ को नीति तथा कार्यक्रम प्रति छलफलमा छौं । मुख्यत आउने आगामी वर्षको निम्ति यो गण्डकी प्रदेशको सरकारले कस्तो खालको नीति कार्यक्रम ल्याउंदा यहां वसोबास गर्ने जनताको निम्ति राम्रो हुन्छ र यहां बसोवास गर्ने जनताले विकासको महसुस गर्न सक्छ र सांच्चै सरकारले एउटा नीति कार्यक्रम ल्याएको छ र यो नीति र कार्यक्रमले जनताको निम्ति प्रभावकारि ल्याएको छ भन्ने कुराको महसुस गर्ने गरि सरकारले यो नीति तथा कार्यक्रम ल्याएको छ । मलाई लाग्छ प्रदेश प्रमुखले प्रस्तुत गरि सकेपछि यो नीति तथा कार्यक्रमलाई प्रतिपक्षि मित्र साथीहरुले पनि मौन समर्थन गर्नु भएको छ ।यो खुसीको कुरा हो र यो नीति तथा कार्यक्रम प्रस्तुत भएर छलफल भैरहंदाको अवस्थामा अझै प्रभावकारी बनाउनको निम्ति अझै राम्रो प्रदेशको रुपमा अगाडी बढाउनको निम्ति आज विकासले धेरै उन्नती प्राप्त गर्नको निम्ति प्रतिपक्षिको भुमिका अहम रहन्छ । यसमा प्रतिपक्षिहरुको सुझाव गण्डकी प्रदेशको सरकारले त्यो प्रतिक्षामा छ । त्यो सुझाव आउने विश्वास पनि लिएको छ । मलाई लाग्छ तर सरसर्ति नीति तथा कार्यक्रम हेर्दा खासै नयां पन देखिएको कतै छैन । खासै नयां त्यस्तो खालको गौरवका योजनाहरु पनि समावेश भएको देखिन्न । तर गत वर्ष यहि गण्डकी प्रदेशको सरकारले ल्याएको नीति तथा कार्यक्रम त्यो वजेट भित्र प्रवेश गरेको योजनाहरुलाई अझै प्रभावकारि बनाउनका निम्ति परिणाममुखी बनाउनका निम्ति यो वजेटले अगी बढाएको छ । यो हामी नयां संविधानमा संघियताको यो प्रदेशको हामी पहिलो अभ्यासमा छौं र गत वर्ष पनि सरकार प्रमुखले मुख्यमन्त्रीज्युले अभिव्यक्त व्यक्त गर्नु भएको थियो प्रतिवद्धता जाहेर गर्नु भएको थियो । के हामी पहिलो अभ्यासमा छौं र जनतालाई सुशासन दिनका निम्ति, विकासको अनुभुति प्राप्ति गर्नका निम्ति, सांच्चै उज्यालो प्रदेश बनाउनको निम्ति हामीले पहिलो चरणमा यो गण्डकी प्रदेशलाई एउटा कानून, ऐन, कार्यविधि अन्य व्यवस्थापन एउटा जगको रुपमा हामी गर्ने छौं भनेर प्रतिवद्धता जाहेर गर्नु भएको थियो । मलाई लाग्छ धेरै माननीयज्यूहरुले १४३ वटा यसको ऐनहरु कार्यविधिहरु वनेर यो कार्यान्वयनको पक्षमा अगाडी बढिरहेको कुरा हामी सवैले जानेका छौं र यो भित्र प्रवेश गरिसक्दा सवै जिल्लालाई छुने गरि चाहे त्यो सडक संजालको कुरा होस, चाहे किसानले सिंचाइ गर्ने सिचाइकाव कुरा होस, चाहे डिप वोरिङ्गको कुरा होस, चाहे किसानले उत्पादन गर्ने कृषिको सन्दर्भमा होस, चाहे पर्यटनको हिसावमा होस उत्पादनलाई बेसी मात्रामा जोड दिएको छ । चाहे त्यो फलफूलको हकमा होस, चाहे मासु अण्डाको हकमा होस, चाहे अन्य विविध विषयलाई यो नीति तथा कार्यक्रमले जोड दिएको छ । अव एउटा विशेषत स्वास्थ्य सम्वन्धि क्यान्सर रोगबाट पिडित डाइलोसिस गर्नु पर्यो भने हामी काठमाण्डैं नगइ उपाय छैन कि प्राइभेट हस्पिटलमा जाने । अव यो गण्डकी प्रदेशको गोर्खा, लम्जुङ्ग,म्याग्दि, पर्वत, नवलपुर मिर्गौलाको रोगीको लागी डाइलोसिस गर्ने सम्मको व्यवस्था गर्ने कुराको यो सरकारले अगाडी सारेको छ । एउटा महत्वपूर्ण कुरा हो । धेरै माननीयज्यूले कुरा उठाउनु भयोकी भ्रष्टाचार गर्दिन गर्न पनि दिन्न यो ठुलो चुनौतिको विषय हो । यसमा प्रदेश सरकारले स्थानिय तहलाई समेत सुझावकै रुपमा एउटा कानूनी दायराभित्र प्रवेश गराउन जरुरी छ । यदि त्यो कानून सम्मत हामी जान सकिएन कानूनलाई परिपालन गर्न सकिएन भने यसले भोली राम्रो परिणाम नआउन पनि सक्छ । त्यसो भएको हुनाले त्यो कानूनलाई परिपालन गराउनको निम्ति सरकार जम्मेवार रहन जरुरी छ । यसले धेरै कुरालाई समेटेको छ चाहे खेलकुदको सवालमा होस युवाहरुको निम्ति भाषा संस्कृति आफ्नो परम्परालाई जगेर्ना र यसको सम्वर्द्धन गर्ने कुरालाई लोप उन्मुख सिमान्तकृत वर्गलाई अपाङ्क व्यक्तिलाई र जोखिममा रहेका वालबालिकाहरुलाई समेत विशेषत आवासको समेत व्यवस्था गर्ने कुराको सरकारले यो नीतिलाई अगाडी सारेको छ । गुम्वा, मदर्सा, आश्रम र गुरुकुलमा संचालित शैक्षिक कार्यक्रमलाई मुल धारको शिक्षा प्रणालीमा आवद्ध गर्ने नीति लिएको छ । यो वडा गम्भिर विषय छ । यो वास्तवमा जरुरी छ ।चाहे हिन्दुको कुरा होस् चाहे वौद्धको कुरा होस चाहे मुस्लिमको कुरा होस त्यो शिक्षा प्रणाली सवैको निम्ति एउटा साझा अपनत्व बनाउनको निम्ति सरकारले गम्भिरतापूर्वक लिएको छ । मलाई लाग्छ सवै वर्ग सवै समुहलाई यो सरकारले समेटेको छ र गण्डकी प्रदेश हाम्रो सरकार सक्षम छ । हामीले एक वर्ष हामीले हेरी सक्यौं । सरकार सक्षम छ । मलाई लाग्छ आज अरु प्रदेशले आफ्नो प्रदेशको नाम पनि नामाकरण उल्लेखित गर्न सकेको छैन । हाम्रो प्रदेशले आफ्नो प्रदेशको नाम र

राजधानी किटानी साथ गरिसकेको छ त्यसो भएको हुनाले मलाई विश्वास मलाई विश्वास  छ आउने दिनमा अझै जनताको धेरै मन जित्न सक्ने यो नीति तथा कार्यक्रमले ल्याएको छ । माननीयज्यूहरुले यहां रोष्टममा उभिएर पनि भन्नुभयो । कि हामीलाई विकास वजेट चाहियो । हामीले आफ्नो प्राइभेट लिमिटेड खर्च गर्नको निम्ति होइन हामीले आफ्नो पुजी निर्माण गर्नको निम्ति निजि निमाण गर्नको निम्ति होइन हामीलाई विकास वजेट चाहियो भनेर हामीले माग गर्दा हामीलाई उल्टो आरोप लाइयो कि प्रतिपक्षि कांग्रेसका साथीहरुले भागवण्डा माग्यो भनेर जिम्मेवार नेता साथीहरुले बोल्नु भयो मन्त्रीजीहरुले वोल्नुभो भन्ने कुराहरु अघि व्यक्त गर्नुभो। त्यस्तो हो जस्तो मलाई लाग्दैन । सुन्नत मैले पनि सुन्या छु अहिलेको सार्वजनिक निकायहरुमा बोलिरहंदा होस या जन जागरण अभियानमा बोलिरहंदा हामी सरकारलाई चल्न दिंदैनौं हामीले घेर्ने छौं गतवर्ष भन्दा अझै बलियो मजबुतका साथ हामी रोष्टमा जानेछौं भन्ने कुरा पनि गर्नु भाछनीत तर बोलिरहंदा बोल्ने र गरेर देखाउने कुरामा धेरै फरक पर्ने रहेछ त्यसो भएको हुनाले मलाई विश्वास छ आउने दिनमा हामी सवैका हितका निम्ति हामी सबैलाई एउटा उज्यालो र सक्षम प्रदेश सरकारको रुपमा स्थापित गर्नको निम्ति प्रतिपक्षिको पनि अहं भूमिका रहनेछ अझै यो सरकारलाई गतिशिल र राम्रो विकसित प्रदेशको रुपमा स्थापित गर्नको निम्ति प्रतिपक्षले सहि र अझै सुझावहरु दिने कुरामा मेरो विश्वास छ यो नीति कार्यक्रम प्रति मेरो पूर्ण मेरो आफ्नो समर्थन र मेरो आफनो दलको पनि समर्थन रहेको कुरा दिलाउंदै मेरो आफ्नो छोटो भनाइ यहीं अन्त गर्न चाहन्छु धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु यो छलफल आजको लागी यहिं स्थगित हुन्छ।

माननीय सदस्यहरु अव यो वैठक २०७६ साल जेठ २७ गते ११ वजेको सम्मको लागि स्थगित हुन्छ ।